# प्रहरी दर्पण २०४८

# POLICE MIRROR 1991





# माननीय गृह मन्त्रीज्यूको सन्देश

श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवका उपलक्ष्यमा प्रहरी प्रधान कार्यालयद्वारा सदा झैं यस वर्ष पनि प्रहरी दर्पण प्रकाशित हुन लागेको सुन्दा मलाई खुसी लागेको छ।

यस पत्रिकाले नेपाल प्रहरीको क्रियाकलापमा प्रकाश पार्नुका साथै प्रहरी जवान तथा अधिकृतको बौद्धिक विकासमा समेत अझ बढी योगदान पु-याउन, वर्तमान प्रजातान्त्रिक वातावरण अनुरूप जनतामा सुरक्षा भावनाको विश्वास जगाउन तथा समाजमा यदाकदा देखिने हिंसात्मक तथा उच्छृङ्खल गतिविधि नियन्त्रण गर्न समेत बल प्रदान गर्न सकोस् भन्ने चाहन्छु।

अन्तमा यो पत्रिका आफ्नो लक्ष्य प्राप्त गर्न अझ सक्षम हुनेछ भन्ने शुभ-कामनाको साथै पत्रिकाको प्रकाशनमा मेहनत गर्नुहुने संबन्धित सबैमा हार्दिक धन्यवाद छ।

गृह मन्त्री

# Message From The Home Minister

I am happy to hear that, as before, the Police Headquarters is this year also publishing the *Police Mirror* on the occasion of Her Majesty the Queen's Auspicious Birthday.

I want that the publication shed light on the activities of the Nepal Police, contribute also to the intellectual development of the police officers and others in the service, develop a sense of confidence in security among the people in keeping with the present democratic environment and help strengthen efforts to curb the occasional violence and indiscipline witnessed in society.

To conclude, I wish the magazine success in meeting its objectives and thank all who have contributed efforts towards its publication.

**Sher Bahadur Deoba**

Home Minister



## गृह सचिवज्यूको सन्देश

"सत्य सेवा सुरक्षणम्" यी तीन मूल मन्त्रलाई आत्मसाथ गरी संगठित रहेको प्रहरीले देशको निमित ठूलो महत्व राख्दछ। प्रहरीको उद्देश्य जति पवित्र र गहनतम् छ त्यतिकै उसको चरित्र र कृयाकलाप उच्चतम हुन सकेमा मात्र त्यसको सार्थकता रहन जान्छ।

समयको गति र राष्ट्रको बदलिंदो परिवेशसंगै प्रहरीले आफूलाई संचालन गर्नु पर्दछ। श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवको उपलक्ष्यमा प्रकाशित हुने प्रहरी दर्पण पत्रिका मार्फत प्रहरीहरूलाई न्याय र कर्तव्य पथमा अविचलित भै सेवा र समर्पणको भावले देशको शान्ति सुरक्षाको अवधारणलाई सुनिश्चित एवं सुव्यवस्थित राख्न सक्ने प्रेरणा प्राप्त होस भन्ने शुभेच्छा व्यक्त गर्दछु।

सचिव

## Home Secretary's Message

"Satya Sewa Surakshanam" (Truthful Service Renders Secure). Identifying with this motto, the police organisation has special significance in the country. As much as the objective of the police is pure and sombre, its meaning exists only when its character and activities are of the highest standards.

The Police must conduct itself in keeping with the times and the changing national context. By means of this *Police Mirror* , publication issued on the occasion of Her Majesty the Queen's auspicious birthday, I convey my best wishes that the Police may forever remain staunchly on the path of law and duty and receive inspiration to preserve the peace and security of the country in a directional and well-managed manner and with service and dedication in mind.

Secretary



# प्रहरी महानिरीक्षकको सन्देश

श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको ४३ औं शुभ जन्मोत्सवको पुनीत उपलक्ष्यमा समस्त प्रहरीको तर्फबाट मौसूफ सरकारको सु-स्वास्थ्य, दीर्घायु एवं अटल शौभाग्यको कामना गर्दै हार्दिक मंगलमय शुभकामना चढाउंदछु।

प्रहरी कर्मचारीहरूले कर्तव्य पालनमा देखाएको अपूर्व शाहस, समर्पण, त्याग र तपस्याले नेपाल प्रहरीको गौरवलाई उज्जवल बनाएको छ। समस्त प्रहरी अधिकृत तथा जवानहरूले यसलाई मनन् गरी श्री ५ को सरकारको नीति निर्देशन, प्रचलित ऐन कानून र जनभावना अनुरूप आफ्नो काम-कर्तव्य सफलतापूर्वक सम्पादन गरी प्रहरी प्रतिको विश्वास र आस्थामा अभिवृद्धि गर्दै लैजाने दिशामा हरहमेसा मन, बचन र कर्मले समर्पित हुनेछन् भन्ने पूर्ण आशा एवं विश्वास लिएको छु। नेपाल प्रहरीमा यसै सर्न्दभमा विविध पक्षमा भएका सत्‌प्रयास र कृयाकलापहरूलाई समेटेर प्रहरी दर्पण २०४८ प्रकाशित भएकोमा मलाई खुसी लागेको छ। प्रकाशन कार्यमा अथक योगदान दिने सम्पादक मण्डल लगायत सबैमा धन्यवाद दिन चाहन्छु।

प्रहरी महानिरीक्षक
(रत्नशमशेर ज.व.रा.)

# Message From The Chief Of Police

On the sacred occasion of the 43rd auspicious birthday of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah, I, on behalf of all policemen, express my heartfelt greetings and humbly wish Her Majesty the Queen health, long life and eternal marital bliss.

The pride of the Nepal Police has been further glorified by the unprecedented courage, dedication, sacrifice and commitment demonstrated by police personnel while performing their duties. Keeping this in mind, all policemen must successfully fulfil their responsibilities in line with the directions of His Majesty's Government, the laws of the land and the people's opinions to win the confidence and belief of the people. I believe, and am confident, that the police will perpetually dedicate themselves to these objectives in thought, word and deed.

I am happy that the *Police Mirror* 2048 is being published in this connection highlighting the various efforts and activities of the many aspects of the Nepal Police. I would like to thank the editorial committee who have contributed extensively to the editorial works.

Chief of Police
(Ratna Shumsher J.B.R)

# सम्पादकीय

श्री ५ बडा महारानी सरकारको शुभजन्मोत्सवको उपलक्ष्यमा प्रहरी प्रधान कार्यालयद्वारा प्रकाशित 'प्रहरी दर्पण - २०४८' यो आठौं अंक हो। वर्षभरिमा नेपाल प्रहरीमा भएका विविध क्रियाकलाप समेटेर जनसाधारण समक्ष चिन्हारी स्वरूप प्रहरी दर्पण झुल्कने गरेको छ। यसै परिप्रेक्ष्यमा २०४७।०४८ सालमा नेपाल प्रहरीको विविध पक्षमा भएका क्रियाकलापहरू समावेश गरी यो प्रकाशन पाठक समक्ष प्रस्तुत गरेका छौं। हामीलाई आशा छ नेपाल प्रहरीको विषयमा जानकारी हासिल गर्न चाहने सबैलाई यो प्रकाशनले सहयोग गर्ने छ।

प्रकाशनलाई अझै ज्ञानवर्द्धक, स्तरीय र उद्देश्यमूलक बनाउँदै लैजान सबैबाट निरन्तर अमूल्य सुझाव सहयोगको आशा प्रहरी दर्पणले गरेको छ।

श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको ४३ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य दीर्घायु, एवं अटल शौभाग्यको कामना गर्दै प्रकाशन कार्यमा सल्लाह, सुझाव दिने एवं विज्ञापन पठाई सहयोग गर्ने सबैमा हार्दिक आभार प्रकट गर्दछौं।

# Editorial

The *Police Mirror* 2048 is the eighth such edition published by the Police Headquarters on the occasion of Her Majesty the Queen's Auspicious Birthday. *Police Mirror* emerges as an introduction to the lay public of the various activities of the Nepal Police over the period of a year. It is in this respect that we place this publication before our readers with materials on the activities of the Nepal Police in the year 2047/48. We are hopeful that this publication will be of help to all who seek information on the Nepal Police.

The *Police Mirror* hopes that valuable suggestions are perpetually forthcoming from all in order to make the publication more knowledgeable, standardised and purposive.

On the occasion of the 43rd Auspicious Birthday of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah, we wish Her Majesty health long life and eternal marital bliss. We also express our gratitude to all who contributed valuably by means of suggestions, advice and advertisement contributions in order to bring out this publication.


# प्रहरी दर्पण

वार्षिक प्रकाशन दर्ता नं. ०१।०४१

**सम्पादकीय मण्डल**
**प्रधान सम्पादक**
प्र.उ. श्री अनन्तराम भट्टराई
**सम्पादक**
प्र.नि. श्री बालकुमार शाक्य
प्र.नि. श्री रामकुमार खनाल
प्र.नि. श्री पुष्कलराज रेग्मी
**सल्लाहकार मण्डल**
प्र.ना.म.नि श्री मोतीलाल बोहरा
प्र.ना.म.नि श्री गोविन्दकर्म थापा
प्र.ना.म.नि श्री सोमकान्त शर्मा
प्र.ना.म.नि श्री अच्युतकृष्ण खरेल
प्र.ना.म.नि श्री ध्रुवबहादुर प्रधान
प्र.ना.म.नि श्री पदमकुमार नेपाली
प्र.ना.म.नि श्री द्वारीकाबहादुर श्रेष्ठ
प्र.ना.म.नि श्री रूद्रबहादुर पाण्डे
**तस्वीरहरू**
प्रहरी प्रधान कार्यालय छाँया चित्रकारी शाखाको सौजन्यबाट प्राप्त
**छाँया चित्रकार**
प्र.ना.उ. शेरबहादुर कार्की
प्र.ना.नि. कृष्णकुमार राई
प्र.स.नि. कैलाश राई
**प्रकाशक**
प्रहरी दर्पण प्रकाशन समिति
प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं

# Police Mirror

An annual publication Regd. No. 01/041

**Editorial Board**
**Chief Editor**
S.P. Ananta Ram Bhattarai
**Editor**
Inspector Bal Kumar Shakya
Inspector Ram Kumar Khanal
Inspector Puskal Raj Regmi
**Advisory Board:**
D.C.P. Moti Lal Bohara
D.C.P. Govinda Karma Thapa
D.C.P. Som Kanta Sharma
D.C.P. Achyut Krishna Kharel
D.C.P. Dhruba Bahadur Pradhan
D.C.P. Padam Kumar Nepali
D.C.P. Dwarika Bahadur Shrestha
D.C.P. Rudra Bahadur Pandey
**Photographs**
Curtsey: Photography Section
Police Headquarters, Nepal.
**Photographer**
Dy. SP. Ser Bahadur Karki
Sub. Insp. Krishna Kumar Rai
A.S.I. Kailash Rai
**Published By:**
Police Mirror Publication Board
Police Headquarters
Naxal, Kathmandu


# बिषय सूचि


१. विभागीय गतिविधि

२. व्यवसायिक गतिविधि

३. समारोह

४. अतिरिक्त क्रियाकलाप


# Table of Contents


1. Departmental Activities

2. Professional Activities

3. Celebrations

4. Extra - Curriculum

# विभागीय गतिविधि







# Departmental Activities

# पदोन्नति तथा अवकाश

पदस्थापन, पदोन्नति तथा अवकाश कुनै पनि सेवामा निश्चित आधारमा सामान्य तथा निरन्तर भैरहने प्रकृया हुन्। नेपाल प्रहरीमा पनि निर्दिष्ट स्थानका लागि उचित व्यक्तिको सिद्धान्तका आधारमा कार्यकुशलता, शैक्षिक योग्यता, जेष्ठता, तालीम आदिको मूल्यांकनको आधारमा पदोन्नति तथा प्रचलित ऐन, कानूनले निर्दिष्ट गरेको समयावधि वा अन्य कानूनी प्रकृयाबाट अवकाश भई नै रहन्छ। बिगत आर्थिक वर्षमा प्रहरी सेवामा प्रहरी नायव महानिरीक्षकदेखि प्रहरी हवल्दारसम्म २१६८ जना पदोन्नति भए भने समयावधि पुरा गरी प्रहरी निरीक्षकदेखि प्रहरी जवानसम्म १२ जनाले अवकाश प्राप्त गरे। यसै गरी २९ जना प्रहरी कर्मचारीको मृत्यु भयो भने ५२७ जना प्रहरी कर्मचारीले प्रहरी सेवाबाट राजीनामा गरे। बिगत आर्थिक वर्षभित्र पदोन्नति प्राप्त गर्ने दर्ज्यानी संख्या निम्नानुसार छ।

| | |
|---|---|
| प्रहरी नायव महानिरीक्षक | ८ जना |
| प्रहरी वरिष्ठ उपरीक्षक | १० जना |
| प्रहरी उपरीक्षक | १२ जना |
| प्रहरी नायव उपरीक्षक | ४५ जना |
| प्रहरी निरीक्षक | ११२ जना |
| प्रहरी नायव निरीक्षक | ३२१ जना |
| प्रहरी सहायक निरीक्षक | ४१७ जना |
| प्रहरी हवल्दार | १२४३ जना |



प्रहरी महानिरीक्षक बढुवा हुनुभएका प्रहरी अधिकृतहरूलाई दर्ज्यानी चिन्ह लगाइ दिनुहुँदै।
*Chief of Police pinning rank badges on newly promoted police officers*



प्रहरी महानिरीक्षक बढुवा हुनुभएका प्रहरी अधिकृतहरूलाई दर्ज्यानी चिन्ह लगाइ दिनुहुँदै।
*Chief of Police pinning rank badges on newly promoted police officers*


श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४३ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफ सरकारको
सुख, स्वास्थ्य एवं समृद्धिको लागि सभक्ति
मंगलमय शुभकामना चढाउँछौं।

पशुपति टेक्स्टाइल मिल्स प्रा.लि.
धोबीघाट, ललितपुर



प्रहरी महानिरीक्षक बढुवा हुनुभएका प्रहरी अधिकृतहरूलाई दर्ज्यानी चिन्ह लगाइ दिनुहुँदै।
*Chief of Police pinning rank badges on newly promoted police officers*

# Promotion And Retirement

Provisions of posts, promotions and retirements on a definite basis are continuous and regular processes in any service. The appointment and promotion of appropriate individuals to definite positions on a principled basis in accordance with evaluation of tenure, efficiency, educational qualification, seniority, training, etc. and retirement in accordance with terms set by law and other enactments and regulations also take place in the Nepal Police. In the last fiscal year, 2168 individuals ranging from Deputy Chief of Police to Police havildar (Sergeant) have received promotions in police service. Twelve in police service ranging from police inspector to jawan (sepoy-patrolman) have retired after completion of tenure during this period. Twenty-nine police servicemen died in this period. 527 resigned. Recipients of promotion in ranking order are as follows:

| | |
|---|---|
| Deputy Chief of Police | 8 |
| Senior Superintendent of Police | 10 |
| Superintendent of Police | 12 |
| Deputy Superintendent of Police | 45 |
| Police Inspector | 112 |
| Sub-inspector of Police | 321 |
| Assistant Sub-inspector | 417 |
| Head Constable | 1243 |


श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४३ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफ सरकारको
सुख, स्वास्थ्य एवं समृद्धिको लागि सभक्ति
मंगलमय शुभकामना चढाउँछौं।

बाबा बिस्कुट प्रोडक्ट्स प्रा. लि.
सोनापुर, दुहवी, फोन: ४००४६

# किंगस ब्याटन

देशमा शान्ति सुरक्षा कायम राख्नु, अपराध नियन्त्रण गर्नु घटित अपराधको सफल अनुसन्धान गर्नु, जनताको सेवा तथा ज्यू धनको संरक्षण गर्नु तथा प्रचलित कानूनको मर्यादा पालन गराउनु प्रहरीका मुख्य कर्तव्यहरू हुन्। यी गहन कर्तव्यहरू इमान्दारीकासाथ कर्तव्यनिष्ट रही सक्षमतापूर्वक निर्वाह गर्न प्रत्येक प्रहरी कर्मचारीहरूमा अनुशासन, शुद्ध आचरण, शारीरिक तन्दुरूस्ती, कर्तव्यप्रति निष्टा तथा लगनशीलता जस्ता गुणहरू हुनु आवश्यक छ। यिनै गुणहरूको विकास गर्दै लग्नुका साथै अधिराज्यभरीका प्रहरी कार्यालयहरूको कार्य सम्पादनमा एकरूपता ल्याई काम कर्तव्यमा अगाडि बढ्न स्वस्थ प्रतिस्प्रर्धा जागृत गराउने उद्देश्यबाट बि.सं. २०४० सालदेखि नेपाल प्रहरीमा अन्तर अंचल प्रहरी कार्यदक्षता प्रतियोगिताको सुरूवात भएको हो। अपराध नियन्त्रणमा सक्रियता, घटित अपराधहरूको अनुसन्धान, मातहत प्रहरी कर्मचारीहरूको अनुशासन, अंचलभरीका प्रहरी कार्यालयहरूको व्यवस्था तथा सर-सफाई आदि कुराहरूको मूल्याङ्कन गरी उत्कृष्ट देखिएको अंचल प्रहरी कार्यालयलाई श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसूफकै बाहुलीबाट "किंगस ब्याटन" प्रदान गरिबक्सने परम्परा रहेको छ।

२०४७ सालको अन्तर अंचल प्रहरी कार्यदक्षता प्रतियोगितामा बाग्मती अंचल प्रहरी कार्यालय बिजयी भएको थियो। श्री ५ महाराजाधिराज सरकारबाट २०४७ साल पौष १४ गते सिंहदरबारमा आयोजित विशेष समारोहमा बाग्मती अंचल प्रहरी कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक धेनु शमशेर ज.ब.रा.लाई किंगस ब्याटन प्रदान गरिबक्स्यो।



*श्री ५ महाराजाधिराज सरकारबाट २०४७ सालमा विजयी बाग्मती अंचल प्रहरी कार्यालय प्रमुखलाई किङ्गस ब्याटन प्रदान गरिबक्सदै*

*His Majesty the King awarding the King's Baton to the Chief of the Bagmati Zone Police Office, winners of the King's Baton, 2047.*

# King's Baton

To preserve peace and security in the country, to control crimes and successfully investigate crimes that do take place, to serve the people and preserve life and property and to promote respect for the prevalent laws of the land--these are the prime duties of policemen. To fulfil their onerous responsibilities capably, earnestly and dutifully, every policeman must have ingrained qualities such as discipline, pure conduct, physical fitness, dedication to duty and perseverance. Since 2040 B.S., an inter-zonal police efficiency competition has been initiated in the Nepal Police. This is designed to develop these qualities and to evolve a sense of healthy competition in duty in the manner that helps foster uniformity in the activities of police posts throughout the country. There is a tradition that His Majesty the King personally awards the King's Baton on the occasion of His Auspicious Birthday to the zonal police office that is judged best in the competition. Evaluation is based on performance in active crime control, crime investigation, discipline among police servicemen, management and cleanliness in police posts in the zone.

The Bagmati Zone Police Office won the competition in the year 2047 B.S. His Majesty the King awarded the King's Baton to the Chief of the Bagmati Zone Police Office, Senior Superintendant of Police Dhenu Shumshere J.B. Rana, at a special ceremony organised in Singha Durbar on Paush 14th, 2047.



# टेलिटेक्स

इन्टरपोल नेपालको संचारको आधुनिकीकरण गर्ने सिलसिलामा टेलिटेक्सको स्थापना गरिएको छ। इन्टरपोल महाशाखामा रहेको २ वटा टेलिटेक्स मेशिन इनटरपोल महा-सचिवालयको सिफारिसमा जापान सरकारद्वारा काठमाडौं स्थित जाइका मार्फत इन्टरपोल नेपाललाई प्रदान गरिएको हो। यसको जडान र अपरेशन सम्बन्धी तालीम दिन दुई जना जापानि प्राविधिज्ञ ५ डिसेम्वर १९९० मा आइ १२ जना प्रहरी अधिकृत तथा जवानहरूलाई १५ दिनको तालीम दिएका थिए।

१७ डिसेम्वर १९९० मा औपचारिक संचार आदान प्रदान भएपछि इन्टरपोल नेपालले इन्टरपोल टेलिकम्यूनिकेशन नेटवर्कको सातौ क्षेत्र अन्तर्गत रहेर संचार सेवा संचालन गर्ने नियमलाई पालन गर्नु पर्ने भएको छ। सातौ क्षेत्रमा नेपाल, भारत, फिलिपिन्स, इन्डोनेसिया, श्रीलंका, पाकिस्तान, हङकङ, चीन, थाइल्याण्ड, मलेसिया र जापान पर्दछन् र यसको केन्द्रीय कार्यालय टोकियोमा रहेको छ।

टेलिटेक्स टेलेक्स भन्दा धेरै गुना सस्तो र अत्याधुनिक संचार साधन हो। एशियाली क्षेत्रमा इन्टरपोलको सदस्य राष्ट्र जापानपछि टेलिटेक्स राख्ने नेपाल दोश्रो देश हो र यसैगरी सबै इन्टरपोल राष्ट्रहरूमा टेलिटेक्स जस्ता अत्याधुनिक संचार साधन स्थापना गर्ने उद्देश्य फ्रान्स स्थित इनटरपोल महा-सचिवालयको रहेको छ।



*प्रहरी कर्मचारी टेलिटेक्समा काम गर्दै।*
*Police personnel working at Teletex.*




*प्रशिक्षार्थीका साथमा जापानि प्रशिक्षक।*
*Japanese instructor with trainees*

# Teletex

TELETEX has been established in the process of modernising communication in INTERPOL Nepal. Two TELETEX machines at the INTERPOL were presented to INTERPOL Nepal by the Japanese government via JAICA at the recommendation of the INTERPOL General Secretariat. Two Japanese technicians arrived in Kathmandu on December 5th, 1990 to conduct a fifteen-day training programme for twelve police officers on the assembly and operation of the machines.

After the exchange of official communication on 17th December1990, INTERPOL Nepal has had to remain within the Seventh Region of the INTERPOL Telecommunication Network in observance of regulations governing the operation of the communication facilities, with its central offices in Tokyo. Countries in the Seventh Region are: Nepal, India, Philippines, Indonesia, Sri Lanka, Pakistan, Hong Kong, China, Thailand, Malaysia and Japan.

TELETEX is a communication facility many times more cheap than telex. Nepal is the second country after Japan among the Asian Region member countries to opt for TELETEX. The General Secretariat of INTERPOL located in France intends to establish the use of such ultra-modern communication facilities as the TELETEX in all INTERPOL countries.

# माननीय गृहमन्त्रीज्यूद्वारा निरीक्षण तथा निर्देशन

कार्यालयमा गई अपराध स्थिति, नियन्त्रण, अनुसन्धानको प्रभावकारी उपाय, प्रहरी संचार, सवारी र ट्राफिक नियन्त्रण व्यवस्था सम्बन्धी जानकारी लिनुभयो। त्यस्तै सदर प्रहरी तालीम केन्द्रमा संचालित तालीमहरू सम्बन्धी र वीरेन्द्र प्रहरी अस्पतालमा स्वास्थ्य उपचारका साथै दीपेन्द्र प्रहरी आवासिय विद्यालय सांगाको शैक्षिक गतिविधिबारे पनि जानकारी लिनुभयो।



माननीय गृहमन्त्री प्रहरी अधिकृतहरूलाई सम्बोधन गर्नु हुँदै।
The Home Minister addressing police officers.

माननीय गृह मन्त्री श्री शेरबहादुर देउपाले २०४८ जेष्ठ २२ गते काठमाडौं उपत्यका भित्र रहेका वरिष्ठ प्रहरी अधिकृतहरूलाई श्री ५ महेन्द्र पुलिस क्लबमा सम्बोधन गर्दै देशमा भर्खरै आएको प्रजातन्त्रलाई हुर्काउन, बढाउन र शान्ति सुरक्षा तथा अमन चयन कायम राखी प्रजातन्त्रलाई सुदृढ गर्न प्रहरीको गहन जिम्मेवारी रहेको र प्रहरी कर्मचारीले समयानुकूल चरित्रीक भावनाको विकास गर्दै मनोबल उच्च पार्नु पर्ने आवश्यकता माथि जोड दिनुको साथै आम निर्वाचन २०४८ शान्तिपूर्ण र निष्पक्ष रूपमा सुसम्पन्न गराएकोमा समस्त प्रहरीलाई धन्यवाद दिनु भयो।





सो अवसरमा प्रहरी महानिरीक्षक श्री रत्नशम्शेर ज.व.रा. ले धन्यवाद ज्ञापन गर्नुहुँदै सदासर्वदा प्रहरीले आफ्नो कर्तव्य निष्पक्ष रूपले पालन गर्ने कुरामा जोड दिनु भयो।

सोही दिन सम्बोधन कार्यक्रम हुनु अगाडि माननीय गृहमन्त्रीज्यूले प्रहरी प्रधान

# Supervision And Direction By The Honourable Home Minister

The Honourable Home Minister Sher Bahadur Deupa addressed senior police officers in Kathmandu valley at the Mahendra Police Club on 2048



माननीय गृहमन्त्री आगन्तुक पुस्तिकामा हस्ताक्षर गर्नुहुँदै।
Hon'ble Home Minister signing Visitor's Book.



मानननीय गृहमन्त्री प्रहरी कार्य सम्बन्धी जानकारी लिनुहुँदै।
*Hon'ble Home Minister being briefed on police affairs.*



माननीय गृहमन्त्री प्रहरी सञ्चार माध्यमहरूको निरीक्षण गर्नुहुँदै।
***Hon'ble Home Minister inspecting police communications equipments***



दीपेन्द्र प्रहरी आवासिय विद्यालयका छात्रहरू माननीय गृहमन्त्रीको स्वागत गर्दै।
*The students of Dipendra Police Boarding High School welcoming Hon'ble Minister for Home.*



दीपेन्द्र प्रहरी आवासिय विद्यालयमा साधन सुविधा सम्बन्धी निरीक्षण।
***Inspecting student boarding facilities at the Dipendra Police School, Sanga.***



मानवीय गृहमन्त्री सदर प्रहरी तालीम केन्द्रको निरीक्षण गर्नुहुँदै।
*Hon'ble Minister for Home inspecting Central Police Training Centre.*

morale. Minister Deupa also thanked the Nepal Police for its role in helping conduct the general elections of 2048 B.S. in a peaceful and impartial manner.

The Chief of Police, expressing his thanks on the occasion, stressed that the police would forever conduct its duties in an impartial manner.

Earlier that day, the Honourable Home Minister visited the Police Headquarters. He sought information on the state of crime, control, ways

Jestha 22nd. On the occasion, Minister Deupa stressed that the police had the onerous responsiblity of helping the growth of the newly introduced democracy in the country. He said that democracy was to be strengthened and that the police should help keep the peace and security. It was essential, he said, that the police evolve a suitable character and approach and strengthen



मानवीय गृहमन्त्री सदर प्रहरी तालिम केन्द्रस्थित पुस्तकालयको निरीक्षण गर्दै।
*At the Central Police Training Centre Library.*



मानवीय गृहमन्त्री वीरेन्द्र प्रहरी अस्पतालको निरीक्षणमा।
*Hon'ble Home Minister inspecting Birendra Police Hospital.*

and means of effective investigation, police communication, traffic and traffic control arrangements. The minister also received information on training programmes conducted by the Police Training Centre, health treatment at the Birendra Police Hospital and the educational activities at Dipendra Police Boarding School, Sanga.

# लागू औषध अनुसन्धान उपकरण हस्तान्तरण



संयुक्त अधिराज्य बेलायत सरकारका तर्फबाट नेपाल प्रहरीलाई सहयोग स्वरूप प्रदान गरिएको लागू औषध अनुसन्धानका लागि प्रयोग गरिने अत्याधुनिक उपकरणहरू नेपालका लागि बेलायतका राजदूत महामहिम टिमोथी जर्जले एक समारोहका बीच प्रहरी महानिरीक्षक श्री रत्नशमशेर ज.व.रा. लाई हस्तान्तरण गर्नुभयो। सो समारोहमा महामहिम राजदूतले लागू औषध विरुद्ध विश्वव्यापी अभियान संचालन गर्ने सिलसिलामा नेपाल तथा बेलायत सरकार बीचको आपसी सहयोग स्वरूप नेपाल प्रहरीलाई उक्त उपकरणहरू प्रदान गरिएको कुरा व्यक्त गर्नु भयो। प्रहरी महानिरीक्षकले उक्त उपकरणहरू लागू औषध अपराध अनुसन्धानमा निकै सहायक हुने कुरा व्यक्त गर्दै नेपाल प्रहरीका तर्फबाट धन्यवाद ज्ञापन गर्नु भयो।

यसैगरी संघीय गणतन्त्र जर्मनी सरकारद्वारा नेपाल प्रहरीलाई सहयोग स्वरूप प्रदान गरिएका लागू औषध सम्बन्धी उपकरणहरू प्रहरी प्रधान कार्यालयमा एक समारोहका बीच नेपालका लागि जर्मनीका राजदूत महामहिम मार्टिन स्नेलरले प्रहरी महानिरीक्षक श्री रत्नशमशेर ज.व.रा. लाई हस्तान्तरण गर्नु भयो। उक्त अवसरमा महामहिम राजदूतले संघीय गणतन्त्र जर्मनीले लागू औषध दुर्व्यसन नियन्त्रणको अतिरिक्त पर्यावरण तथा आर्थिक विकासका निमित्त अन्तर्राष्ट्रिय कार्यक्रम अन्तर्गत विभिन्न मुलुकहरूलाई सहयोग प्रदान गर्दै आएको र सोही सिलसिलामा लागू औषध सम्बन्धी उपकरणहरू नेपाल प्रहरीलाई आपसी सहयोग स्वरूप प्रदान गरेको कुरा उल्लेख गर्नु भयो।

प्रहरी महानिरीक्षकले संघीय गणतन्त्र जर्मनी सरकारको सहयोगका लागि धन्यवाद ज्ञापन गर्नु भयो।



*जर्मन राजदूत महामहिम मार्टिन स्नेलरद्वारा प्रहरी महानिरीक्षकलाई उपकरण हस्तानतरण गर्नुहुँदै।*
*The German Ambassador, H.E. Martin Schneller, handing over equipments to the Chief of Police.*


श्री ५ बडामहारानी सरकारको ४३ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारको सुख समृद्धिको लागि मंगलमय कामना व्यक्त गर्दछौं।

**जिल्ला विकास समितिको कार्यालय**
चौतारा, सिन्धुपाल्चोक

# Drug Investigation Equipments Handed Over

British Ambassador, H.E. Timothy George handed over to Chief of Police Ratna Shumshere J.B. Rana advanced equipment used for drug investigations at a ceremony. The equipments were given in aid to Nepal Police on behalf of the British government. Handing over the instruments worth some seven million rupees, the British Ambassador said that the presentation had been made to the Nepal Police as symbolic of the mutual cooperation between Nepal and the United Kingdom in the course of the world-wide campaign against drugs. The Chief of Police expressed thanks on behalf of the Nepal Police on the occasion and pointed out that the equipments would greatly aid in the investigation works regarding drug related crimes.

Likewise, German Ambassador, H.E. Martin Schneller handed over equipments for drug investigations presented as aid to the Nepal Police by the government of the Federal Republic of Germany at a ceremony organised in the Police Headquarters. On the occasion, the German Ambassador stated that the Federal Republic of Germany, apart from providing aid for the control of drug abuse, had been helping various countries in the task of economic development under an international programme. The ambassador said that the drug related equipments were presented in this course to the Nepal Police. It was symbolic of existing mutual cooperation, he said.

The Chief of Police expressed his thanks for the understanding and cooperation shown by the Federal Republic of Germany.





बेलायतका राजदुत महामहिम तिमोथी जर्जद्वारा प्रहरी महानिरीक्षकलाई उपकरण हस्तान्तरण गर्दै।
*British Ambassador, H.E. Timothy George handing over equipments to the Chief of Police.*


श्री ५ बडामहारानी सरकारको ४३ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारको सुख समृद्धिको लागि मंगलमय कामना व्यक्त गर्दछु।

नारायणकाजी श्रेष्ठ
चौतारा, महेन्द्र बजार

# प्रहरीको आर्म व्याज, नम्वर प्लेट तथा परिचय पत्रमा परिवर्तन

हाल प्रहरी पोशाकमा प्रयोग भईरहेको आर्म व्याजमा प्रहरी मोनोग्रामको पूर्ण छाप नरहेको हुँदा अधुरो देखिएकोले विभिन्न क्षेत्रीय प्रहरी कार्यालय मातहत प्रहरी इकाईहरूमा प्रचलित क्षेत्र-क्षेत्रको निर्धारित रंगमा नै पूर्ण प्रहरी मोनोग्राम राखिएको तथा हाल प्रचलित प्रहरीको पोशाकमा सर्वसाधारणले प्रष्टसंग चिन्न सक्ने गरी प्रहरी भन्ने कही केही चिन्ह नरहेको तर अन्य मुलुकहरूको प्रहरी संगठनहरूमा भने आर्मव्याजमा "प्रहरी" लेख्ने गरेको हुँदा नयाँ आर्म व्याजमा "नेपाल प्रहरी" भन्ने शब्द पनि थप गरिएको छ।

यसैगरी प्रत्येक प्रहरी अधिकृत तथा जवानहरूले पोशाकको दाहिनेपट्टि नम्वर प्लेट राख्ने गरेको त्यति व्यवहारिक नदेखिएको हुँदा स्वदेशी तथा विदेशी कसैलाई पनि सम्वन्धित प्रहरीको नाम सहजै ज्ञात होस भन्ने हेतुले नम्वर प्लेटको सट्टा नेपाली तथा अंग्रेजी दुवैमा नाम राख्ने प्रचलन सुरू गरिएको छ।

प्रत्येक प्रहरी कर्मचारीले प्रवेश-पत्रमा परिचय-पत्र पोशाकमा लगाउनु पर्ने व्यवस्था रहेकोमा श्री ५ को सरकारले निर्धारित गरेको परिचय-पत्र नै प्रवेश-पत्र भन्दा बढी उपयुक्त देखिएको हुँदा नेपाली तथा अंग्रेजीमा समेत नाम लेखी नागरिकता नम्वर समेत सोही परिचय-पत्र नै समावेश गरी नयाँ परिचय-पत्रमा प्रयोगमा ल्याइएको छ।

हाल विमान स्थलहरूमा प्रहरीले प्रयोग गरिरहेको पोशाकमा विमान स्थल सुरक्षा कर्मीहरूको खास चिन्ह नभएको हुँदा विमान स्थल सुरक्षा प्रहरीको लागि खास चिन्हको व्यवस्था गर्नु पर्ने नितान्त आवश्यक भएकोले विमान स्थल सुरक्षा प्रहरीको लागि नाम प्लेटको माथि "एयरपोर्ट सेक्युरिटी पुलिस" भनी अंग्रेजीमा लेखिएको चिन्हको प्रयोग सुरू गरिएको छ।



प्रहरी प्रधान कार्यालय
Police Headquarters



पूर्व क्षेत्र
Eastern Region



मध्य क्षेत्र
Central Region



पश्चिम क्षेत्र
Western Region



सुदुर पश्चिम क्षेत्र
Far-Western Region



मध्य पश्चिम क्षेत्र
Mid-Western Region

# Change In Police Arm Badge, Number Plate And I.D. Card

The arm badge in the uniform of the Nepal Police did not include the Police monogram in full and thus appeared deficient. The arm badge in the separate specific colours of the regional offices now includes the complete monogram of the Nepal Police. The words "Nepal Prahari" (Nepal Police) are now also distinctly specified in the arm badge. This is in keeping with the practice in other countries also to distinctly identify policemen as such by specifying, "Police" in the uniform itself. No such specification was provided for in the uniform previously.

In order that the name of individual police officers be distinctly identifiable to all, the name of the respective police officer now comes as part of the uniform in the nameplate on the right breast in Nepali and English. This replaces the policeman's number which was deemed impractical.

The practice is for each police serviceman to wear his identification card on his uniform for purposes of entry. Identity cards specified by His Majesty's Government have now been referred as the more appropriate for entry cards. New identity cards have thus been brought to use. They specify the name in English and Nepali and the card includes the individual's citizenship number and police number among other information.

Uniforms of policemen on duty at airports now have "Airport Security Police" specified in English above their nameplates. No such identification was provided previously. This provision was deemed highly essential for the airport security police.




नाम प्लेट
*Name Plate*




नाम प्लेट
*Name Plate*




परिचय-पत्र
*I.D. Card*

# व्यवसायिक गतिविधि









# Professional Activities

# प्रहरी तालीम

कुनै पनि व्यक्ति आफैमा ज्ञान-सीप, कलाकौशल दक्षता र सक्षमताले पूर्ण हुन सक्दैन। यसका लागि उसलाई अध्ययन, मनन, अभ्यास, परिश्रम र प्रशिक्षणको पनि दरकार पर्दछ। यस्तै कुनै पनि सेवा वा संगठनलाई आशातीत उद्देश्य हासिल गर्नको लागि प्रशिक्षित र दक्ष जनशक्तिको आवश्यकता पर्दछ। यसमा पनि समाजमा शान्ति सुव्यवस्था कायम राख्ने जस्तो गहन दायित्व वहन गर्ने प्रहरीले वर्तमान समयमा प्रत्येक नौलो कर्तव्यको क्षणमा एउटा नौलो किसिमको समस्यासंग जुध्नु पर्ने हुन्छ। यस्ता समस्याहरू सक्षमताकासाथ सामना गरी सफल हुन प्रहरी जनशक्तिलाई समयानुकूल पेशागत ज्ञान-कौशलले परिपूर्ण पारी प्रहरीको कार्य क्षमता अभिवृद्धि गर्ने दिशामा तालीमको महत्वपूर्ण भूमिका हुन्छ। भनिन्छ, "तालीम प्रहरी जीवनको सार्थकताको कडी हो।"

बि.सं. २०११ साल अघि प्रहरी कर्मचारीलाई व्यवस्थित तरिकाबाट तालीम दिलाउने कुनै व्यवस्था थिएन। थियो त, सैनिक प्रकृतिको अनि विदेशमा तालीम हासिल गरेका केही अधिकृतहरू।

विज्ञानको विकास, समयानुकूल विदेशी चलन सहनको देखासिखी र अपराध कार्यविधि विस्तारका साथै नयाँ-नयाँ अपराधबृति समाजमा देखापर्न थाले अनुरूप प्रहरी शक्तिलाई सक्षम तुल्याउनु पर्ने आवश्यकता महसुस गरी सर्वप्रथम बि.सं. २०११ सालमा ललितपुरको श्रीमहलमा नेपाल पुलिस तालीम केन्द्रको स्थापना भएको थियो। प्रहरीलाई व्यवसायिक विषयमा प्रशिक्षण दिने यस प्रकारका केन्द्रहरू विस्तार गर्दै लैजाने क्रममा २०२३ सालमा धरान र नेपालगंजमा, २०३१ सालमा बुटवल र काठमाडौंमा र २०३९ सालमा दीपायलमा गरी सबै क्षेत्रमा क्षेत्रीय प्रहरी तालीम केन्द्र र ककनीमा २०४५ सालमा सशस्त्र प्रहरीलाई प्रशिक्षण दिन सशस्त्र प्रहरी तालीम केन्द्रको स्थापना भएको थियो। हाल प्रशिक्षार्थीहरूलाई र प्रशिक्षकलाई प्रशिक्षणको लागि आवश्यक पर्ने साधनतथा उपकरण सहितको भौतिक सुविधा उपलव्ध गराइएको छ भने अधिकांश पाठ्यपुस्तकहरू नेपाली भाषमा प्रकाशित गराइएका छन्। यसैगरी हरेक



*प्राथमीक छडी कवाज*
*Basic baton drill*



*बाधा प्रशिक्षण*
*Obstacle training*

तालीमका पाठ्यक्रम र समयावधि पनि निश्चित गरिएका छन्।

नेपाल प्रहरीमा स्थापना गरिएका विभिन्न तालीम केन्द्रहरूबाट ५० मन्दा बढी विभिन्न प्रकारका आधारभूत, उन्नत र प्राविधिक तालीमहरू प्रहरी अधिकृतहरूलाई दिने व्यवस्था भएको छ। २०४७ साउनदेखि २०४८ कार्तिकसम्ममा ८५५९ जना प्रहरी कर्मचारीहरूलाई ३३ विभिन्न प्रकारका तालीमहरू प्रदान गरियो।

यी तालीम केन्द्रका अतिरिक्त एकातिर विभिन्न क्षेत्रहरूमा प्रशिक्षक पठाएर प्रहरीलाई प्रशिक्षण दिने घुम्ती प्रशिक्षणको व्यवस्था मिलाइएको छ भने अर्कोतिर विभिन्न मित्रराष्ट्रहरूका संघ-संस्थाको सहयोगमा स्वदेशमा र विदेशमा समेत प्रशिक्षणको व्यवस्था भएको छ।

आर्थिक वर्ष ०४७।४८ मा १३ जना प्रहरी अधिकृत तथा जवानहरू विभिन्न विषयमा विदेशमा प्रशिक्षण लिई स्वदेश फर्के भने केही प्रहरी अधिकृतहरूले हाल पनि प्रशिक्षण लिई रहेका छन्। यसै क्रममा स्वदेशमा पनि

बेलायत तथा अमेरिकी सरकारको सहयोगमा २६ जना प्रहरी अधिकृतहरूलाई लागू औषध सम्बन्धी प्रशिक्षण दिईएको थियो।

सदर प्रहरी तालीम केन्द्रले प्रहरी अधिकृतहरूका साथै समय समयमा शान्ति सुरक्षा कायम राख्ने सम्बन्धित निकायका निजामती सेवाका अधिकृतहरूलाई पनि प्रशिक्षण दिने गरेको छ। यस अन्तर्गत आर्थिक वर्ष ०४७।४८ मा २७ जना उप-सचिव र सहायक सचिव तथा ६५ जना शाखा अधिकृतहरूलाई राष्ट्रिय सेवा तालीम प्रदान गरिएको थियो।



तालिम दीक्षान्त समारोह
*Passing - out ceremony*

# Police Training



तत्कालीन गृह मन्त्री योगप्रसाद उपाध्याय तालीममा उत्कृष्ट प्रशिक्षार्थीलाई पदक प्रदान गर्नु हुँदै।
*The then Home Minister Yog Prasad Upadhyay Awarding Medals to outstanding trainees.*

None can by themselves be sufficient in knowledge and skills, art and finesse and other capabilities. For this, the individual also requires study, concentration, exercise, effort and training. Likewise, for any service or organisation to achieve the desired performance, the need for trained and capable manpower becomes inevitable. Nepal Police, moreover, bears the sombre responsibility of keeping peace and security in society and thus must face new problems every day. In order to achieve success by facing such problems capably, training plays a significant role for the fulfillment of the need for timely professional knowledge and skills among the police. Indeed, it is said that training is the test of the reality of police life.

There was no arrangement to train policemen in a systematic manner before 2011 B.S. If there was any, it was of a military nature. There were also some service officers who were trained abroad.

Science developed. Contemporary foreign practices were emulated. New criminal trends emerged in society. It was thus deemed also essential that the police enhance their capabilities in order to face these trends successfully. In 2011 B.S. hence, the Nepal Police Training Centre was set up at Sri Mahal in Lalitpur. In course of expanding such centres which provided training in professional matters to the police, Police Training Centres were established in Dharan and Nepalganj in 2023 B.S. , in Butwal and Kathmandu in 2031 and in Dipayal in 2039. Such facilities thus covered all regions in the country. In 2045 B.S. an Armed Police Training Centre was set up in Kakani to provide training for the Armed Police. Physical and other essential facilities required in the process of training for both trainers and trainees have been provided for as far as possible at the centres. The bulk of the training manuals are Nepali publications. There is also a predetermined schedule and course of study for each training programme.

Over fifty basic, developed and technical training programmes of various kinds are imparted to police officers at the several training centres established in the Nepal Police. Thirty-three such types of training were provided to 8559 police servicemen between 2047 Shrawan and 2048 Kartik.

Apart from these training centres, mobile training units have been set up by which trainers are sent to various regions to train policemen. Training is also provided at home and abroad with the cooperation of various organisations in friendly countries.

Thirteen police officers and men returned home after acquiring various skills abroad in the fiscal year 047-048. Some continue their training outside the country. Likewise, twenty-six police officers received drug related training at home with the cooperation of British and American Governments.

The Central Police Training Centre, apart from training police officers, occasionally also helps train civil servants related to the peace and security fields. In the Fiscal Year 047-48, National Service Training was provided to 27 Under Secretaries and Assistant Secretaries and sixty-five Section Officers under the arrangement.



क्षेत्रीय प्रहरी तालीम केन्द्र दीपायलमा प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाण-पत्र वितरण।
*Trainees receiving prizes and certificates at the Regional Police Training Centre, Dipayal.*



प्रहरी नायव महानिरीक्षक उत्कृष्ट प्रशिक्षार्थीलाई पुरस्कार वितरण गर्नुहुँदै।
*The Deputy Chief of Police awardingprize to outstanding trainees at Regional PoliceTraining Centre, Biratnagar.*


श्रीं ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४३ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफ सरकारको
सुख, स्वास्थ्य एवं समृद्धिको लागि सभक्ति
मंगलमय शुभकामना चढाउँछौं।

नेपाल प्लाष्टिक्स प्रा. लि.
धरान, औद्योगिक क्षेत्र

# इन्टरपोल क्षेत्रीय सम्मेलन

इन्टरपोलको क्षेत्रीय वर्गीकरणमा विश्वलाई ४ भागमा बाँडिएको छ, एशियाली क्षेत्र, अफ्रिकी क्षेत्र, युरोपिय क्षेत्र र अमेरिकी क्षेत्र। यी क्षेत्रहरूमा हरेक दुई वर्षमा सम्मेलन गरिन्छ। १९९१ को एशियाली क्षेत्रको एघारौं एशियाली क्षेत्रीय सम्मेलन अष्ट्रेलियाको राजधानी क्यानवेरामा २५ फरवरीदेखि १ मार्चसम्म भएको थियो। उक्त सम्मेलनमा नेपाल प्रहरीका तर्फबाट प्रहरी नायब महानिरीक्षक ध्रुवबहादुर प्रधान र प्रहरी उपरीक्षक राघव विक्रम राणाले भाग लिनु भएको थियो। सम्मेलनमा लागू औषध ओसार पसार, विमान अपहरण, अन्तर्राष्ट्रिय आतंकवाद आदि बिषयहरूमा छलफल भएको थियो। यसमा नेपाल लगायत २९ देशहरूले प्रतिनिधि पठाई भाग लिएका थिए। स्मरणीय छ १९८९ मा दशौं एशियाली क्षेत्रीय सम्मेलन काठमाडौंमा भएको थियो।

# INTERPOL Regional Conference

The world has been categorised in the INTERPOL's regional classification into the Asia Region, the Africa Region, the European Region and the American Region. Each region hosts a conference every two years. The Eleventh Asian Regional Conference took place, 25th February-March 1st, 1991, in the Australian capital, Canberra. Deputy Chief of Police Dhruba Bahadur Pradhan and Superintendent of Police Raghab Bikram Rana participated on behalf of the Nepal Police at the occasion. The meeting held discussions on drug trafficking, plane hijacks, international terrorism and other subjects. Twenty-nine countries, including Nepal, participated in the meet. Kathmandu, it may be recalled, had hosted the Tenth Asian Regional Conference 1989.



*इन्टरपोलको मुख्य कार्यलय, लिअन*
*Interpol Head Office, Lyon*


श्री ५ बडामहारानी सरकारको ४३ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारको सुख समृद्धिको लागि मंगलमय कामना व्यक्त गर्दछौं।

चौतार व्यापार समिति
चौतारा बजार, सिन्धुपाल्चोक

# लागू औषध नियन्त्रण

आज विश्व समुदायमा नै जटिल समस्या उत्पन्न गराएको लागू पदार्थको कारोवार एवं सेवन र तत्सम्वन्धी अपराध एक चुनौतिपूर्ण समस्याको रूपमा उभिई विश्वलाई नै हांक दिईरहेको छ। यस अपराधमा लागेका व्यक्तिहरूको अन्तर्राष्ट्रिय श्रृंखलालाई नियन्त्रणमा लिनु सम्पूर्ण मानव समाजकै जिम्मेवारी रहेको छ। यसै सन्दर्भमा नेपालले लागू पदार्थको दुरूपयोग बिरूद्ध सम्भव भएसम्म वैधानिक एवं प्रशासनिक उपायबाट अभियान चलाउँदै आएको छ। २०४३ सालमा प्रहरी प्रधान कार्यालय अन्तर्गत लागू औषध शाखाको गठन र नेपाल अधिराज्यभरका चौधै अञ्चलमा अंचल प्रहरी कार्यालय अन्तर्गत लागू औषध नियन्त्रण उपशाखा र विभिन्न समूहहरूको गठंन मै विस्तारित कार्य क्षेत्रको निर्माण पश्चात लागू पदार्थका दुर्व्यसनी तथा खरीद कारोवारमा संलग्न व्यक्तिहरूको नियन्त्रणमा प्रहरीलाई उल्लेखनीय सफलता प्राप्त भएको छ। फलस्वरूप प्रहरीले यही आर्थिक वर्ष २०४७।४८ मा लागू पदार्थको कारोवारमा संलग्न ३६८ अपराधीहरू पक्राउ गरेको र ती व्यक्तिहरू मध्ये स्वदेशी २१२ र विदेशी १६ जना हाल पुर्पक्षका लागि थुनामा रहेका छन् र ११९ स्वदेशी र २१ जना विदेशी अपराध प्रमाणित पश्चात कैदमा रहेका छन्।

त्यस्तै यिनीहरूबाट गाँजा, चरेश, हेरोइन तथा अफिम जस्ता लागू पदार्थ बरामद भएका थिए। प्रहरीले बरामद गरेको लागू पदार्थमा जसमा सवै मन्दा वढी १०१३ के.जी ६९१ ग्राम २०४ मि. ग्राम रहेको छ भने सबैभन्दा कम अफिम ८६१ ग्राम रहेको छ। त्यस्तै सोही अवधिमा गाँजा ६५३ के.जी. ८८० ग्राम ९०० मि. ग्राम र हेरोइन २४ के.जी ८८० ग्राम ६०३ मि. ग्राम प्रहरीले जफत गरेकोछ।

नेपालमा २० देखि २५ हजारसम्म लागू औषध दुर्व्यसनीहरू रहेको अनुमान छ। प्रत्येक दुर्व्यसनीले यदि दिनको आधा ग्राम मात्र ब्राउन सुगर प्रयोग गर्दछ भने हाल बजारमा प्रचलित मूल्य ने.रू. ४००।- प्रति ग्रामको हिसाबले पनि दैनिक ५ लाख रूपैयां खर्च हुन आउँछ। यसरी एकातर्फ राष्ट्रको एक ठूलो युवा जनशक्ति र धनरासी नकारात्मक दिशातर्फ अग्रसर र विलिन हुँदै गएको छ भने अर्कोतर्फ उनीहरू माथि पुनर्स्थापन गर्नको लागि हुने खर्च भने छुट्टै छ। साथै यसबाट हुने शारीरिक एवं मानसिक पिडा र सामाजिक दुस्प्रभावलाई अतुलनीय क्षतिको रूपमा लिनु जरूरी हुन्छ। यस प्रकारको राष्ट्रिय क्षतिको रोकथाम गर्न दक्ष जनशक्तिको उत्पादन गराउनेतर्फ प्रहरी प्रधान कार्यालय तथा प्रहरी तालीम केन्द्रहरूले विभिन्न तालीम संचालन गरिरहेका छन्। विशेषत लागू औषध सम्बन्धी तालीममा निम्न कुराहरूमा जोड दिईन्छ।

१. लागू औषधको पहिचान।
२. दुर्व्यसन र कारोवारमा संलग्नता तथा त्यसको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्थिति।
३. अनुसन्धान प्रकृया र अपराधीहरूको प्रवृत्ति।
४. लागू औषध कारोवार नियन्त्रण कार्यसंग सम्बन्धित संस्थाहरूसंग समन्वय ल्याउने तरिका।



*प्रहरी अधिकृतहरू लागू औषध सम्बन्धी तालीम लिंदै।*
*Police Officers' training on drug control.*



*लागू औषध तालीमका सहभागीहरूलाई प्रमाण-पत्र वितरण।*
*Distribution of certificates to trainees of the course on drug control.*

५. लागू पदार्थ बिक्री, वितरकहरूको ओसार पसारमा प्रयोग हुने आधुनिक प्रविधिहरू र साथै लुकाउने, संचय गर्ने तरिकाको जानकारी तथा अपराध प्रति गरिने कानूनी प्रकृयाको अध्ययन।
६. लागू पदार्थ पहिचानको लागि प्रयोग गरिने विविध साधन एवं रसायनहरूको परिचय, जानकारी साथै प्रयोग विधि बारे अध्ययन।

यसरी नेपाल प्रहरीले आन्तरिक श्रोत र साधनले भ्याएसम्म आधारभूत तालीम, विशेष तालीम र परिचयात्मक तालीमहरूको आयोजना गर्नुको साथै लागू औषध अपराध नियन्त्रणका लागि दक्ष जनशक्ति तयार पार्न श्री ५ को सरकारले प्रहरी अधिकृतहरूलाई तालीममा बिदेश पठाउने र स्वदेशमै पनि बिदेशी नियोगहरूबाट लागू औषध नियन्त्रण सम्बन्धी तालीमहरू संचालन गराउंदै आएको छ। हालै अमेरिकी सरकारद्वारा सेप्टेम्बर ९ देखि १४,१९९० सम्म संचालित "नार्कोटिक्स ईन्फोर्समेन्ट ट्रेनिंगमा" ८ जना जुनिएर प्रहरी अधिकृतहरूले सफलतापूर्वक तालीम हासिल गरे भने बृटिश सरकारद्वारा ८ अक्टुवर देखि २६ अक्टुवर १९९० सम्म संचालित "ड्रग्स ल ईन्फोर्समेन्ट ट्रेनिङ्गमा" १८ जना सिनियर प्रहरी अधिकृतहरूले तालीम हासिल गरेका थिए।

त्यस्तै श्रोत र साधन जुटाउने क्रममा नेपाल प्रहरीले प्रहरी कुकुरहरूलाई यसै सम्बन्धी तालीम दिई विभिन्न विकास क्षेत्रमा पठाएको छ। साथै लागू औषध अपराध अनुसन्धान तथा नियन्त्रणको लागि आवश्यक पर्ने विभिन्न अत्याधुनिक उपकरण र साधनहरू समेत विदेशी दातृ संस्थाहरूबाट प्राप्त हुंदै आईरहेको छ। आर्थिक वर्ष २०४७।४८ मा बृटिश, जर्मन तथा जापान सरकारबाट लागू औषध सम्बन्धी विभिन्न उपकरणहरू नेपाल प्रहरीलाई हस्तान्तरण गरिएको थियो।

यसरी नेपाल प्रहरीले आन्तरिक तथा बाह्य सहयोगबाट प्राप्त साधन र श्रोत तथा तालीमहरूको अधिक भन्दा अधिक सदुपयोग गरी लागू औषध अनुसन्धान, कारवाही तथा नियन्त्रणको लागि ठोस पाईला चाल्दै आईरहेको छ। र भविष्यमा यसलाई अझ सुदृढ र प्रभावकारी बनाउंदै लैजाने प्रमुख लक्ष्य राखिएको छ।

# Drugs Control

The traffic and use of drugs and drug related crimes have become a complicated problem facing the world community. It poses a formidable challenge to society, To come to grips with the international apex of people engaged in this crime has become the responsibility of human civilisation in its totality. Nepal has been conducting a campaign against this menace with all legal and administrative means possible. A Drugs Control Section was set up under the Police Headquarters in 2043 B.S. The sphere of activities was expanded with the creation of various units and Drugs Control Sub-Section under the zonal police offices in all forteen zones of the Kingdom. Since then, police have met remarkable success in the control of people involved in drug addiction and trafficking. As a result, 368 criminals, of whom 331 were Nepalis and 37 foreigners, were caught dealing in drugs in the fiscal year 2047-48. Of those nabbed, 212 Nepali citizens and 16 non-Nepalis are under detention for investigation. 119 Nepalis and 21 foreigners have been sentenced to prison terms.

Hashish, marijuana, opium and heroin were confiscated from among these people. 1013 kilogrammes 681 grammes and 904 miligrammes of hashish was the largest haul siezed by the police. The smallest amount is that in opium--84 grammes. In this period, 653 kgs, 880 gms and 603 mgms of marijuana and 24 kgs, 880 gms and 603 mags of herion were hauled in by the police.

It is estimated that there are twenty to twenty-five thousand addicts in the country. If every such addict is to consume merely half a gramme of brown sugar a day, the cost at current market prices of Rs. 400/- for the amount would be some five hundred thousand ruppees a day. On the one hand, thus, a sizeable section of the youth and considerable money are going to waste negatively. On the other hand, the cost incurred in the rehabilitation of such youths is equally significant. It is indeed also essential to consider the physical and emotional pains and negative social impact as incomparable loss to the nation. Various training programmes are being conducted by the Police Headquarters and the police training centres to produce capable manpower in order to stem this national waste. The following receive special emphasis in drug related training:

1. Identification of drugs.
2. Involvement in addiction and trafficking. Its national and international status.
3. Investigation techniques and criminal tendencies.
4. Means by which coordination is wrought from among agencies involved in the control of drug trafficking.
5. Information on sale of drugs, modern techniques of traffic in drugs preferred by dealers, methods of hiding and accumulating drugs. Studies on the legal process adopted towards the crime.
6. Introduction and information of various methods and chemicals used to identify drugs along with studies regarding their use.

In this manner, basic training, specialised training and introductory training programmes are being conducted within the resource limits of the Nepal Police. Police officers have also been sent abroad and trained at home with foreign cooperation in order to produce skilled manpower for the control of drugs. Recently, eight junior police officers received "Narcotics Enforcement Training" conducted by the American Government, 9th-14th September, 1990. Eighteen senior police officers received the "Drugs Law Enforcement Training" conducted by the British Government, 8th-26th October 1990.

Likewise, in the process of enhancing resources, police dogs have been especially trained in the field and sent to the different development

regions. Moreover, various ultra-modern equipments and other resources essential for the investigation and control of drug related crime are being made available by foreign donor agencies. The Nepal Police was handed over various equipments related to drugs by the British, German and Japanese Governments in the fiscal year 2047-48.

The Nepal Police is, in this manner, optimally utilising equipment, resources and training provided by domestic and external cooperation and making definite strides in the investigation, action and control regarding drugs. The prime objective is to strengthen and make this more effective in the future.

## कदर पत्र

लागू औषध सम्बन्धी नियन्त्रण तथा कार्यवाहीमा नेपाल प्रहरी आफ्नो श्रोत र साधनले भ्याए सम्म सकृय रहिआएको छ। नेपाल प्रहरीको लागू औषध नियन्त्रण टोलीले कतिपय दुर्व्यसनीहरूलाई लागू औषधको कुलत बाट छुटकारा दिलाउन सक्दो सहयोग गर्दै आएको छ भने यसको अवैध कारोवार गर्नेहरू उपर कडाईका साथ कानूनी कार्यवाही गर्दै आएको छ। लागू औषध नियन्त्रणमा प्रहरीको सकृयताको हालै संयुक्त राज्य अमेरिकाको ड्रग ईन्फोर्समेन्ट एडमिनिस्ट्रेशनबाट समेत कदर भएको छ। लागू औषध नियन्त्रण तर्फ सकृय रही अर्न्तराष्ट्रियस्तरका कुख्यात लागू औषध कारोवार गर्ने व्यक्तिहरूलाई पक्राउ गरेको, लागु औषध नियन्त्रण तर्फ अत्यन्तै सकृय रहीआएको हुँदा बाग्मती अंचल अपराध अन्वेषण समूहका प्रहरी नायव उपरीक्षक रविराज थापालाई हालै "ड्रग ईन्फोर्समेन्ट एडमिनिस्ट्रेशन" संयुक्त राज्य अमेरिकाले कदर पत्र प्रदान गरेको छ। संयुक्त राज्य अमेरिकी राजदूतावासमा आयोजित एक समारोहमा माननीय गृहमन्त्री श्री शेरबहादुर देउपाले उक्त कदर पत्र प्रहरी नायव उपरीक्षक रविराज थापालाई प्रदान गर्नुभयो। उक्त अवसरमा महामहिम राजदूत श्रीमती जुलिया चाङ ब्लकका साथै अमेरिकी कुटनैतिक व्यक्तिहरू तथा नेपाल प्रहरीका उच्च अधिकृतहरू समेतको उपस्थिति थियो।

## Certificate Of Appreciation

The Nepal Police have been ever active to the extent resources allow in the actions against drug related crime. The drug control team of the Nepal Police has provided possible help for drug addicts to rid them of their addiction. It has also taken strong legal measures against those dealing in drugs illegally. Police activities in the control of drugs have recently been appreciated also by the American Drug Enforcement Administration. Deputy Superintendent of Police Rabi Raj Thapa of the Bagmati Zone Crime Investigation Group was recently granted a certificate of appreciation by the Drug Enforcement Administration of the United States of America for having been active in the control of drugs and arresting international drug traffickers. Honourable Home Minister Sher Bahadur Deupa presented the certificate of appreciation to Deputy Superintendent of Police Rabi Raj Thapa at a ceremony organised at the Embassy of the United States of America. The American Ambassador, Her Excellency Mrs. Julia Chang Bloch, diplomats of the United States and senior officials of the Nepal Police were present on the occasion.



*माननीय गृहमन्त्री कदर पत्र प्रदान गर्नुहुँदै*
*Hon'ble Home Minister presenting the certificate of appreciation*




कदर पत्र
*Certificate of appreciation*

श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको ४३ औं
शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारमा
सभक्ति मंगलमय शुभकामना चढाउँदछौं। लवकुश स्टिल फर्निचर
प्रधानकार्यालय, धरान।

# गत आमनिर्वाचन र प्रहरी सुरक्षा व्यवस्था




*आमनिर्वाचनका लागि प्रहरी सुरक्षा व्यवस्था तथा खटन सम्बन्धी जानकारी दिँदै।*
*Police officers being briefed on the security system and Police deputation for the Genereal Elections.*



*आमनिर्वाचनमा सञ्चार व्यवस्था*
*Communications system for the General Elections 2048.*

नेपाल अधिराज्यको संविधान २०४७ ले मुलुकको लागि संसदीय शासन पद्धतिलाई राजनैतिक व्यवस्थाको रूपमा अंगिकार गरे पश्चात संसदको तल्लो सदन प्रतिनिधि सभा सदस्य पदको २०५ स्थानको लागि २०४८ साल बैशाख २९ गते अधिराज्यभरमा वालिग मताधिकारको आधारमा आम निर्वाचन सम्पन्न भयो।

निर्वाचन निष्पक्ष एवं शान्तिपूर्णरूपले शुसम्पन्न गराउने राज्य सरकारको गहनतम दायित्वलाई अग्रपङ्क्तिमा रही निर्वाह गर्नु पर्ने प्रहरीको जिम्मेवारी आफैमा अत्यन्त संबेदनशील एवं चुनौतिपूर्ण थियो। साथै पूर्णरूपले बदलिएको राजनैतिक वातावरणमा हुन गइरहेको आम निर्वाचन समेत भएकोले यस चुनावको शान्तिपूर्ण एवं सुव्यवस्थापूर्ण पक्षको महत्व एवं संवेनदशीलता झनै तिव्र रहेको थियो।

आम निर्वाचन र सुरक्षा व्यवस्थाको गहनतम जिम्मेवारीलाई सक्षमताका साथ निर्वाह गर्न आवश्यक सुरक्षा व्यवस्थाको योजना तथा प्रहरी परिचालनको केन्द्रीय भूमिका खेल्न प्रहरी महानिरीक्षक श्री रत्नशमशेर ज.व.रा. ज्यूको प्रत्यक्ष संलग्नतामा गठित केन्द्रीय निर्वाचन सेलले अधिराज्यब्यापी सुरक्षा योजना तथा कार्यान्वयनलाई गृह मन्त्रालय एवं निर्वाचन अयोगसंगको नजिकको समन्वय र निर्देशनमा निर्देशित गरेको थियो।

केन्द्रीय निर्वाचन सेल अन्तर्गतका पांच क्षेत्रीय डेस्कहरूले क्षेत्रीय प्रहरी कार्यालयसंग समन्वय राखी तयार गरेको सुरक्षा व्यवस्थाको आधारभुत आवश्यकताको आधारमा सुरक्षा नीति तयार गरी निर्वाचन कालीन सुरक्षा प्रकृयालाई सुनियोजित गर्न सो सेलले निर्वाचन पूर्व, निर्वाचन कालीन र निर्वाचन पश्चात गरी तीन चरणमा सुरक्षा व्यवस्थालाई विभाजित गरेको थियो र सोही चरणगत आधारमा सुरक्षा प्रकृयालाई अधिराज्यभर अवलम्वन गरिएको थियो।

निर्वाचनको लागि सुव्यवस्थित एवं शान्तिपूर्ण वातावरणको लागि सुदृढ सुरक्षा व्यवस्थाको पहिलो प्राथमिकता रहने भएकोले केन्द्रीय निर्वाचन सेलले सुदृढ सुरक्षा संरचनाको अवधारणा अनुरूप त्रि-चक्रिय सुरक्षा संरचनालाई कार्यान्वयन गराएको थियो। सुरक्षा संरचनाको पहिलो चक्रमा मतदान केन्द्रमा खटिएका सुरक्षाकर्मीहरूको समूह, दोश्रोमा सुनियोजित रूपले परिचालित गश्ती तथा मोवाईलमा संलग्न सुरक्षाकर्मीको समूह तथा संरचनाको तेश्रो चक्रमा स्ट्राईकिङ तथा रिजर्भ बलको रूपमा रहेका सुरक्षाकर्मीहरूको समूह रहेको थियो। यस अलावा निर्वाचन सेलले चुनावपूर्व नै अधिराज्यभरको सम्पूर्ण गा.वि.स. एवं नगर पालिकाहरूको राजनैतिक तथा अपराधिक संबेदनशीलताको मूल्यांकन गरी विशेष सुरक्षा व्यवस्थाकोलागि थप प्रहरी परिचालन गरेको थियो।

चुनावको पूर्वसन्ध्या, वैशाख २७ गते तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई निर्वाचन आयोगमा जानु भै निर्वाचनको अन्तिम तयारीको निरीक्षण गर्नु भएको थियो र सो अवसरमा आम निर्वाचन र प्रहरी सुरक्षा व्यवस्था बारे प्रधानमन्त्रीज्यूलाई विस्तृत रूपमा अवगत गराइएको थियो।

आम निर्वाचन २०४८ को प्रहरी परिचालनको सांख्यिकिय फलकलाई लिने हो भन्ने अधिराज्यभरमा ३०,००० प्रहरी जनशक्ति प्रत्यक्षत चुनावको लागि खटिएको थियो भने चुनावी प्रयोगको लागि सहयोगी बलको रूपमा अस्थायी भर्ना गरिएको ४०,००० म्यादी प्रहरीहरू चुनावमा सुरक्षाको लागि तैनाथ गरिएका थिए।

प्रहरी महानिरीक्षकज्यूको निर्देशन बमोजिम केन्द्रीय निर्वाचन सेलले तयार पारेको व्यापक सुरक्षा योजना र यसको प्रभावकारी कार्यान्वयनले आम निर्वाचन २०४८ आशातीत रूपमा शान्तिपूर्ण एवं सुव्यवस्थित वातावरणमा शुसम्पन्न हुन सक्यो।









आमनिर्वाचन २०४८ का केही झलकहरू।
Glimpses of the General Elections 2048.

# The Last General Elections And Police Security Arrangements

After the Constitution of the Kingdom of Nepal 2047 adopted the parliamentary system of government for the country, elections for the 205 seats of the House of Representatives took place countrywide on the basis of adult freanchise on Baishakh 29th, 2048.

The national government had the onerous responsibility of conducting the elections in a free and peaceful manner. This was in itself a challenging and versatile task for the Police who were to assume a role in the forefront in fulfilling this responsibility. In the context of the changed political environment, the peace keeping and systematic conduct of the elections carried even more meaning.

To capably perform this versatile task of keeping the peace and order in course of the general elections, a centralised role was essential for security arrangements. A Central Election Cell, constituted with the active participation of Chief of Police Ratna Shumshere J.B. Rana, oversaw the nationwide planning and implementation of security with the coordination and direction of the Home Ministry and the Election Commission.

A security policy on the basis of basic security needs was prepared by the five regional desks under the Central Election Cell in coordination with regional police offices. A three phase arrangement was made for the security needs prior to the polls, during the polls and after the polls. It was on this grassroots basis that the security process was conducted nationwide.

A properly managed and peaceful environment was utterly essential for the elections. A strengthened security system was thus the first priority. The Central

Election Cell thus implemented a tri-circle security system in consonance with the strengthened security needs. In the first circle under this system were security personnel deputed to the polling booths. In the second circle were the systematically mobilised patrols and mobile security personnel. Security personnel in the group maintained for striking and reserve purposes were in the third circle. This apart, the Election Cell had, prior to the elections, on the basis of evaluation of political and criminal possibilities in the municipalities and village development committees nationwide, made additional mobilisation and directions for special security.

On the eve of the polls, Baishakh 27th, then Prime Minister Krishna Prasad Bhattarai had visited the Election Commission and inspected the ultimate preparations for the elections. The Prime Minister was, on the occasion, extensively briefed on the police security arrangements for the general elections.

A statistical glimpse into the extent of police mobilisation for General Elections 2048 provides the fact that a force of 30,000 policemen were deputed for the polls. An additional 40,000 temporary policemen, recruited to help strengthen the force for election purposes, were also deployed for the event.

Prepared by the Central Election Cell at the direction of the Chief of Police, the extensive security programme and its effective implementation made possible the conduct of the general elections of 2048 in an anticipated environment of peace and order.

श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह
सरकारको
४३ औं शुभजन्मोत्सवको
पुनीत उपलक्ष्यमा मौसूफ
सरकारको सुख, स्वास्थ्य
एवं समृद्धिको लागि सभक्ति
मंगलमय शुभकामना चढाउँछौं।

प्रभात टेक्सटाईल्स मिल्स प्रा.लि.
खनार, सुनसरी

श्री ५ बडामहारानी ऐश्वर्य
राज्य लक्ष्मी देवी शाह
सरकारको
४३ औं शुभजन्मोत्सवको पुनीत
उपलक्ष्यमा मौसूफ सरकारमा
सदैव चिरायु, सुस्वास्थ्य एवं
अटल सौभाग्यको लागि
सद्भक्तिपूर्ण हार्दिक मंगलमय
शुभकामना चढाउँछौं।

इण्डियन रेल्वे कन्सट्रक्सन कम्पनी
इटहरी, सुनसरी

श्री ५ बडामहारानी सरकारको
४३ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारको सुख समृद्धिको लागि
मंगलमय कामना व्यक्त गर्दछौं।

धरान नगरपालिका

# बर्तमान परिप्रेक्षमा प्रहरी सुरक्षा व्यवस्था



*बर्तमान सुरक्षा व्यवस्था सम्बन्धी छलफल*
*Discussion on present security systems.*



*प्रहरी कर्मचारीहरू बर्तमान सुरक्षा व्यवस्था सम्बन्धमा जानकारी लिँदै।*
*Police personnel are being briefed on present security system.*

राजनैतिक परिवर्तनको तत्कालपछि देशको संक्रमणकालीन परिस्थितिको नाजायज फायदा उठाई प्रचलित ऐन कानून मिचेर उच्छृङ्खल तथा छाडा मनोवृत्ति लिई अपराधिक चरित्रका व्यक्तिहरूले काम गर्न थालेका र जन साधारणलाई समेत भड्काई अराजक क्रियाकलाप तिर उत्तेजित गरेको हुंदा सुरक्षाकर्मीहरूलाई ठूलो चुनौती खडा भयो। शुरूको अन्यौल र अराजक वातावरणले उच्छृङ्खलता बढे तापनि अत्यन्तै संयम र व्यवहारिक भई नेपाल प्रहरीले कर्तव्य परायणतामा आफ्नो ज्यान समेत उत्सर्ग गरी प्रचलित ऐन कानून मिच्ने, उच्छृङ्खल गतिविधि गर्ने, विभिन्न सामाजिक अपराधमा संलग्न हुनेहरू उपर नियन्त्रण गर्दै हाल देशमा शान्ति सुरक्षाको वातावरण कायम राख्न निकै सफलता हासिल गरेको छ। वर्तमान निर्वाचित सरकारले आफ्नो प्राथमिकता देशमा शान्ति सुरक्षा कायम राख्ने कुरालाई महत्व दिए अनुरूप श्री ५ को सरकार गृह मन्त्रालयको निर्देशानुसार २०४८ साल असाढ १२ गतेबाट अधिराज्यका पचहत्तरै जिल्लामा यथासक्य साधनहरू थप गरी सुरक्षा कार्यक्रम संचालन शुरू भयो। समाजमा देखिएका अनुशासनहिनता, चोरी, गुण्डागर्दी, वेश्यावृत्ति, लागू पदार्थको कारोवार, सवारी नियम उल्लंघन आदि जस्ता अपराध नियन्त्रण गर्न प्रहरीले शुरू गरेको राष्ट्रव्यापी अभियानले आम जनसाधारणलाई आश्वस्त पारेको छ। लगभग ४ महिनाको समयावधिमा प्रहरीले आफ्नो निर्दिष्ट उद्देश्यमा थप प्रहरी परिचालनको कारणबाट आशातीत सफलता हासिल गरेको छ। यस अवधिमा संख्यात्मक रूपले भन्दा पनि असल जनहितका कामहरूका लागि सकृय रहने प्रहरी सेवाले जन सहयोग र समर्थन पर्याप्त पाएको अनुभव गरिएको छ। समयानुरूप प्रहरी परिचालनको वृद्धिलाई निरन्तरता प्रदान गर्न आवश्यक सवारी साधनहरू, संचारका साधनहरू लगायत अन्य साधनहरू उपलब्ध गराईएको छ भने आवश्यकता तथा क्षमता अनुरूप साधनहरू क्रमिक रूपमा वृद्धि गर्दै लैजाने योजना रहेको छ। कानूनलाई लागू गराउने काम सरकारको अन्य निकायका अंगले गरेको भन्दा प्रहरीले गरेको बढी प्रभावशाली र ईमान्दारी पूर्ण हुन्छ। "प्रहरीले देश र जनताको सुरक्षा र संविधानको अक्षरशः पालन गर्ने अभिभारा वहन गरेको हुन्छ।" उक्त भनाई मिचिगन स्टेट युनिर्भसिटी र लस एन्जलस प्रहरी बिभागका प्रहरी विज्ञानका प्रोफेसर ए.सी. नरमनको हो। यो भनाईलाई सबै प्रहरीले आत्मसात गर्दै सोही अनुरूप शुद्ध आचरण, उच्च आत्मबल र सदैव कृयाशिल भई पालना गर्नु पर्दछ भने आम जनसाधारण, राजनैतिक कार्यकर्ता, समाजिक कार्यकर्ता, वुद्धिजिवीहरूले प्रहरीको दायित्व निर्वाह गर्ने कार्यमा कुनै पूर्वाग्रह नराखी राष्ट्र हितका निमित सहयोग गर्नु पनि अर्को आवश्यकता छ। तसर्थ वर्तमान परिस्थितिमा प्रहरीले देशमा शान्ति सुरक्षा, अमन चैन कायम राख्ने तथा ऐन कानूनको पालना गराउने कार्यमा उल्लेखित सबैको सामूहिक सहयोगको अपेक्षा राख्दछ।

# Police Security In Today's Context

People with criminal tendencies taking undue advantages of the crisis situation immediately after the political changes in the country sought to ignore the law and attempted to function anarchically. These characters also attempted to incite the lay public and motivate them towards unwarranted activities. This situation posed a major challenge to security personnel. Despite the fact that indiscipline increased in the initial phases in an environment of chaos and uncertainty, Nepal Police could gradually, in a very patient and pragmatic manner, even keeping their lives at stake in this course of duty, prevail over those contributing to the chaos and lawlessness. The police today have been remarkably successfull in promoting an environment of law and order.

The elected government of the day has given significant priority to the maintenance of law and order in the country. Accordingly, as per the direction of the Home Ministry of His Majesty's Government, a security programme with additional resources provided as far as possible in all seventy-five districts of the Kingdom was launched on Ashadh 12th, 2048. This nationwide programme initiated by the Police to curb indiscipline, burglary, hooliganism, prostitution, drug traffic, traffic violation and other anti-social activities in the country has brought a sense of confidence and relief to the lay public. In about four months, the police have achieved anticipated success in meeting their objectives with the mobilisation of additional policemen. Rather than in terms of numbers, the experience has been that the police have received considerable support and cooperation while actively participating in positive public welfare works. To give continuity to the timely expansion of police mobility, resources such as vehicles, communications equipment and others have been made available. The plan is to increase these resources in accordance with need and capabilities.



मोवाइल तथा पैदल गस्तीका केही झलकहरू
*Glimpses of mobile and foot patrolling.*

More than other organs of government, police conduct in implementing laws are sincere and effective. The police carry the responsibility of providing security to life and country and in insuring that the constitution is obeyed to the letter. These words are from A.C. Norman of the Michigan State University and Professor of Police Science at the Los Angeles Police Department. The police should comply with this concept and, accordingly, maintain pure character, high morale and perpetual vigilance. On the other hand, the lay public, political and social workers and the intelligentsia, all should cooperate without prejudice in the task of helping the police fulfil their reponsibilities. The police in the present context thus seek the collective cooperation from all in the task of maintaining peace and security and in seeking the observance of the law.

# दैवी प्रकोप

देशको कुनै पनि भागमा बाढी, पहिरो, दुर्घटना, आगलागी लगायतका दैवी प्रकोपबाट जनसाधारणमा आपत विपत आई लाग्दा सदा सर्वदा नेपाल प्रहरीका अधिकृत तथा जवानहरू सक्रियताकासाथ उद्वार कार्यमा संलग्न भई आईरहेका छन्। यस वर्ष कोशी नदीमा बाढी आई कोशीले जमिन कटान गर्नुकासाथै कोशीको पश्चिमी किनारको बाँध समेत भत्काई सयौं परिवार बिचल्तीमा परे। पानीको वेग खतराजनक हुँदै गएको पूर्वानुमान गरी कोशी नजिक रहेका बस्तीहरू हनुमान नगर, ईनरूवा, बसाईन, रामपुरामलहनिया, तिलाठी आदि गाँउहरूका नागरिकहरूलाई सतर्क र सजग गराउने उद्देश्यले सुरूमै प्रहरी टोलीले निरन्तर जानकारी गराउँदै आएको थियो। साथै प्रहरी टोलीले खतराजनक स्थानका घरहरू भत्काई अन्यत्र सार्ने, बुढाबुढी, बालबच्चा, बिरामी, अशक्त व्यक्तिहरूलाई सुरक्षित स्थानमा सार्ने काम समेत तदारूकतासाथ चौबीसै घण्टा सक्रिय रही गरेका थिए। २ दिन भित्र नै करिब ६० भन्दा बढी परिवारलाई सुरक्षित स्थानमा पुऱ्याई सकिएको थियो। कोशीको बाढीले अझै उग्ररूप लिने सम्भावना देखेपछि क्षेत्रीय प्रहरी कार्यालय र अंचल प्रहरी कार्यालयबाट थप प्रहरी अधिकृत तथा जवान गई द्रुतस्तरमा उद्वार कार्य गरेका थिए। १२५ जना प्रहरी अधिकृत तथा जवानहरू करिब एक महिना सम्म कटान क्षेत्रमा मुकाम गरी निरन्तर उद्वार कार्यमा व्यस्त रहे।

# Natural Calamities

Police personnel have always been actively participating in relief works during times of public distress in such cases as floods, landslides, accidents, fires and other natural disasters. Hundreds of families were distressed this year when the Koshi river was flowing its embankments and even destroying the barrage on its western banks. Anticipating that water levels were approaching danger points, the police, since the very initial stages, were providing continuous information to alert residents in nearby villages in settlements such as Hanuman Nagar, Inaruwa, Basain, Rampuramahalaniya, Tiladhi, etc. The police also maintained active, round-the-clock vigilance in dismantling and relocating threatened houses and in transferring the aged, young, sick, and the disabled to safe places. Over sixty families were shifted to safe havens within a period of two days. Additional police were brought in from the regional and zonal police offices and relief works were expedited after it was determined that the flood would assume even more dangerous proportions. A hundred and twenty-five police officers and men were permanently stationed at the spot for nearly a month for the relief works.





*उद्वार कार्यमा प्रहरी कर्मचारी*
*Police on rescue.*


श्री ५ बडामहारानी सरकारको
४३ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारको सुख समृद्धिको लागि
मंगलमय कामना व्यक्त गर्दछु।

रा.ठे. बाबुराम रेग्मी
स्याङ्जा।

# समारोह







# Celebrations



श्री ५ महाराजाधिराज सरकारबाट प्रहरी अधिकृतलाई पदकद्वारा सुशोभित गरिबक्सदै
*His Majesty the King decorating Police Officer.*

# सुशोभन समारोह

श्री ५ महाराजाधिराज सरकारबाट प्रत्येक वर्ष आ-आफ्नो क्षेत्रमा सुम्पिएको जिम्मेवारी इमान्दारीकासाथ कर्तव्यनिष्ट रही असाधारण रूपमा सम्पन्न गर्ने राष्ट्र सेवकलाई कदर स्वरूप विभिन्न मान, पदवी, बिभूषण, अलंकार, पदक तथा नगद पुरस्कार बक्सहुने परम्परा रहिआएको छ। यसै क्रममा श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट मौसूफको ४६ औ शुभ-जन्मोत्सवको उपलक्ष्यमा २०४७ साल पौष १४ गते नेपाल प्रहरीका २१ जना अधिकृत तथा जवानहरूलाई विभिन्न मान, पदवी र पदक तथा नगद पुरस्कार बक्स भयो। २०४७ साल चैत्र १५ गतेका दिन राजदरबारमा आयोजित सुशोभन समारोहमा मौसूफ सरकारकै बाहुलीबाट प्रहरी अधिकृत र जवानहरूले मान, पदवी, अंलकार र विभूषण प्राप्त गरे।

२०४७ सालमा प्रहरी सेवामा २५ वर्ष सेवा अवधि पुगेका ९० जनाले प्रहरी दीर्घ सेवा पदक, १२ वर्ष सेवा अवधि पुगेका १०४७ जनाले प्रहरी सेवा पदक र अधिराज्यका दुर्गम स्थानमा सेवा गर्ने ४५९ जना प्रहरी कर्मचारीले दुर्गम सेवा पदक प्राप्त गरे। २०४७ साल चैत्र २४ गते प्रहरी प्रधान कार्यालयमा आयोजित सुशोभन समारोहमा प्रहरी महानिरीक्षक रत्नशमशेर ज.ब.रा ले प्रहरी दीर्घ सेवा पदक, प्रहरी सेवा पदक र दुर्गम सेवा पदक प्राप्त गर्ने कर्मचारीलाई पदकद्वारा सुशोभित गर्नु भयो। सोही अवसरमा प्रहरी महानिरीक्षकले आगामी दिनहरूमा पनि समस्त प्रहरी कर्मचारीले मन, वचन र कर्मले आफ्नो कर्तव्य इमान्दारीपूर्वक सम्पादन गरी प्रहरीको गौरवमय परम्परा कायम राख्न अग्रसर भई रहने छन् भन्ने विश्वास व्यक्त गर्नु भयो।



श्री ५ महाराजाधिराज सरकारबाट कर्तव्य पालनको सिलसिलामा वीरगति प्राप्त गर्ने प्रहरीका परिवारलाई पदक बक्सदै।
*His Majesty the King awarding the wife of policeman killed in line of duty.*



तत्कालीन सम्माननीय प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईज्यूले प्रहरी कर्मचारीलाई पदक द्वारा विभूषित गर्नुहुँदै।
*The then Prime Minister, Rt. Hon'ble Krishna Prasad Bhattarai decorating police personnel with medal.*

# Investiture Ceremony

There is a tradition that His Majesty the King award various honours, decorations, medals and cash prizes each year to servants of state in recognition of their extraordinary performance in carrying out responsibilities in course of their allotted duties. In this course, His Majesty awarded twenty–one police officers with various honours, medals and cash prizes on the occasion of the forty-sixth Auspicious Birthday of His Majesty the King on 2047, 14th Paush. His Majesty the King personally decorated these police officers on 2047, Chaitra 15th at an investiture cermony in the Royal Palace.

Ninety policemen completing twenty-five years in service received the Prahari Dirgha Sewa Patta, 1047 who had completed twelve years in service received the Prahari Sewa Padak and 459 policemen having served in remote and difficult regions of the country received the Durgam Sewa Padak in the year 2047. Recipients were decorated on 2047, Chaitra 24th by Chief of Police Ratna Shumshere J.B. Rana at an investiture ceremony organised at the Police Headquarters. The Chief of Police, speaking on the occasion, expressed the belief that all police servicemen will remain committed to upholding the glorious tradition of the Police by performing their duties earnestly in thought, word and deed.



प्रहरी महानिरीक्षकबाट प्रहरी अधिकृतलाई पदकद्वारा सुशोभित।
*Chief of Police investing Police Officer with medal.*



प्रहरी महानिरीक्षकबाट प्रहरी कर्मचारीलाई पदकद्वारा विभूषित
*Chief of Police pinning medal on policeman.*


श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको
४३ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारमासभक्ति मंगलमय
शुभकामना चढाउंदछु।

राशन ठेकेदार रोहितप्रशाद श्रेष्ठ
बुटवल नगरपलिका - ६, रूपन्देही

# शुभ-जन्मोत्सव समारोह

राष्ट्रिय एकताका प्रतीक श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव नेपाल प्रहरीले पनि विभिन्न कार्यक्रमहरू आयोजना गरी मनाउने परम्परा रहिआएको छ। मौसूफ सरकारमा मंगलमय शुभ-कामना चढाउन प्रहरी कलाकारहरूद्वारा विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनुको साथै रात्री भोजको आयोजना गरिने प्रचलन रहेको छ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ४६ औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा २०४७ साल पौष १४ गते नेपाल प्रहरीद्वारा श्री ५ महेन्द्र पुलिस क्लबमा विशेष समारोहको आयोजना गरियो। तत्कालीन सम्माननीय प्रधान न्यायाधीश धनेन्द्रबहादुर सिंह प्रमूख अतिथि रहनु भएंको उक्त समारोहमा मन्त्रिगण, संवैधानिक अंगका प्रमुखहरू, विदेशी कुटनैतिक नियोगका प्रमुखहरूका अतिरिक्त अन्य विशिष्ट महानुभावहरूको पनि उपस्थिति थियो। उक्त समारोहमा प्रहरी कलाकारहरूद्वारा विविध मनोरञ्जनपूर्ण सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी मंगलमय शुभ-कामना चढाइएको थियो भने प्रहरी महानिरीक्षक रत्नशमशेर ज.ब.रा. बाट मौसूफ सरकारको सुस्वास्थ्य, चिरायु तथा दीर्घ सुशासनको कामना गर्दै टोष्ट प्रस्ताव गर्नु भएको थियो।

सोही दिन बिहान नेपाल प्रहरीका अधिकृत तथा जवानहरूको एक टोली राजदरबार गई श्री ५ महाराजाधिराज सरकारका जुनाफमा हार्दिक मंगलमय शुभ-कामना चढाएको थियो र समस्त प्रहरी कर्मचारीका तर्फबाट प्रहरी महानिरीक्षकले मौसूफमा उपहार चढाउनु भएको थियो।



*श्री ५ महाराजाधिराज सरकारका जुनाफमा प्रहरी अधिकृत तथा जवानहरूद्वारा हार्दिक अभिवादन अर्पण गर्दै।*
*His Majesty the King being offered heartfelt greetings by Police Officers and men.*



*श्री ५ महाराजाधिराज सरकारका जुनाफमा प्रहरी महानिरीक्षक शुभकामना चढाउँनु हुँदै।*
*His Majesty the King being offered birthday greetings by Chief of Police.*



*श्री ५ महाराजाधिराज सरकारका जुनाफमा प्रहरी परिवार महिला संघकी अध्यक्ष पुष्प गुच्छा चढाउँनु हुँदै।*
*His Majesty the King being offered bouquet by the chairperson of the police families Women's Organisation.*



*श्री ५ महाराजाधिराज सरकारको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दै टोस्ट प्रस्तावमा प्रहरी महानिरीक्षक लगायत वरिष्ठ प्रहरी अधिकृतहरू।*
*Toast proposing health and long life to His Majesty the King offered by the Chief of Police and Senior Officers.*

# Auspicious Birthday Ceremony

The Auspicious Birthday of His Majesty the King, the symbol of national unity, is traditionally observed also by the Nepal Police with the organisation of various programmes. Police artistes present a cultural programme to greet His Majesty on the occasion. A banquet is also held.

A special ceremony was organised by the Nepal Police at Mahendra Police Club on Paush 14th, 2047 on the occasion of the 46th Auspicious Birthday of His Majesty King Birendra Bir Bikram Shah Dev. Ministers, heads of constitutional organs, chiefs of diplomatic missions and other dignitaries attended the programme. Chief guest at the occasion was the Rt. Honourable Dhanendra Bahadur Singh, then Chief Justice. Police artistes presented various entertainment and cultural programmes greeting His Majesty on the occasion. Chief of Police Ratna Shumshere J.B. Rana proposed a toast on the occasion wishing His Majesty the King health, long life and long reign.

The morning that day, a group of police officers had presented their greetings to His Majesty the King at the Royal Palace. The Chief of Police, on the occasion, presented a birthday gift to His Majesty the King on behalf of all Nepal Police servicemen.



शुभजन्मोत्सव समारोहमा उपस्थित महानुभावहरू।
*Distinguished gathering at the Auspicious Birthday celebration.*



श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवको उपलक्ष्यमा प्रस्तुत सांस्कृतिक कार्यक्रमका विभिन्न झलकहरू
*Various scenes of the cultural programme hosted to mark the occasion of the Auspicious Birthday of His Majesty the King.*







# बीटिङ रिट्रीट समारोह



तत्कालीन सम्माननीय प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईज्यूको प्रहरी परीवार महिला संघकी अध्यक्षद्वारा हार्दिक स्वागत।
*Chairperson of the police families Women's Organisation welcoming the chief guest.*

नेपाल प्रहरीले बि.सं. २०३० सालदेखि श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवको उपलक्ष्यमा बीटिङ रिट्रीट कार्यक्रमको आयोजना गर्दै आईरहेको छ। बीटिङ रिट्रीट मौसूफको सुस्वास्थ र दीर्घायुको कामना सहित नेपाल प्रहरीले चढाएको संगीतमय अभिवादन हो। यस्का साथै प्रहरीको दैनिक कृयाकलापहरूको केही झलक पनि यस कार्यक्रममा पाउन सकिन्छ।

नेपाल प्रहरीको परम्परा अनुसार श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ४२ औ शुभ-जन्मोत्सवको उपलक्ष्यमा २०४७, कार्तिक २२ गते सदर प्रहरी तालीम केन्द्र महाराजगंजमा बीटिङ रिट्रीट कार्यक्रमको आयोजना गरिएको थियो।

तत्कालीन सम्माननीय प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई सो अवसरमा प्रमुख अतिथि हुनुहुन्थ्यो। उक्त अवसरमा मन्त्रिगण, संवैधानिक अंगका प्रमुखहरू, विदेशी कुटनैतिक नियोगका पदाधिकारीहरू र अन्य विशिष्ट महानुभावहरूको पनि उपस्थिति थियो।

प्रहरी महानिरीक्षक रत्नशमशेर ज.ब.रा. ले सो अवसरमा प्रमुख अतिथि समक्ष शुभ-जन्मोत्सव विशेषाङक "प्रहरी" र प्रहरी दर्पण २०४७ प्रस्तुत गर्नुभएको थियो।



बीटिङ्ग रिट्रिट समारोह २०४७ मा उपस्थित विशिष्ठ व्यक्तिहरू।
*Distinguished guests at the Beating Retreat programme, 2047.*



तत्कालीन सम्माननीय प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईज्यू प्रहरी अधिकृतलाई पुरस्कार वितरण गर्नुहुँदै।
*The then Rt. Hon'ble Prime Minister K.P. Bhattarai awarding prize to Police Officers.*



तत्कालीन सम्माननीय प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईज्यूद्वारा बीटिङ्ग रिट्रिटका उत्कृष्ट सहभागीलाई पुरस्कार वितरण गर्नुहुँदै।
*The then Rt. Hon'ble Prime Minister giving away prizes to outstanding participants of the Beating Retreat Programme.*

# Beating Retreat Ceremony

The Beating Retreat Ceremony has been conducted by the Nepal Police since 2030 B.S. to mark the occasion of the auspicious birthday of Her Majesty the Queen. The ceremony is a musical birthday greeting presented by the Nepal Police for the health and long life of Her Majesty the Queen. The programme also provides a glimpse into some of the daily chores of policemen.

In accordance with Nepal Police tradition, a Beating Retreat Programme was organised at the Police Training Centre, Maharajganj, on 2047, Kartik 22nd B.S. to mark the occasion of the 42nd Auspicious Birthday of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah.

Mr. Krishna Prasad Bhattarai, then the Right Honourable Prime Minister, was the Chief Guest on the occasion. Ministers, heads of constitutional organs, the diplomatic corp and other distinguished persons also attended the function.

Chief of Police Ratna Shumshere J.B. Rana presented the auspicious birthday issue of "Police" and "Police Mirror" 2047 to the Chief Guest on the occasion.



महिला प्रहरीद्वारा मोटरसाइकल स्टन्ट।
*Women police performing motorcycle stunts.*



सामूहिक शारीरिक व्यायाम प्रदर्शन।
*Collective callisthenics display.*



सामूहिक ब्याण्ड प्रदर्शन।
*Collective band demonstration.*



जिम्नास्टिक पिरामिड।
*Gymnastic pyramid.*

# प्रहरी पुनर्मिलन समारोह

नेपाल प्रहरीको स्थापनाकालदेखि नै यस पवित्र संगठनमा रही धेरै नेपालीहरूले यसको विकास, उतरोत्तर उन्नति, आधुनिकिकरण, समय सापेक्ष गतिशीलता र नयाँ प्रविधिको प्रयोग आदि कुराहरूमा आफ्नो अमूल्य सेवा प्रदान गर्दै नेपाल प्रहरीलाई आजको स्वरूपमा ल्याउन अथक प्रयत्न गरेका छन्। आफ्ना पूर्वजहरूप्रति नेपाल प्रहरी सधै आभारी छ। प्रहरी संगठनलाई गौरवमय गति दिने कैयौ प्रहरी अधिकृत तथा जवानहरू दिवंगत भई केवल स्मृति मात्र शेष रहेको छ भने कतिपय कर्मवीर प्रहरी अधिकृत तथा जवानहरू अवकाश जीवन यापन गरिरहेका छन्। यस संगठनमा रही अमूल्य योगदान दिई अवकाश ग्रहण गरेका प्रहरी कर्मचारीहरूसंगको भेटघाटबाट एकातर्फ संगठनका भूतपूर्व तथा बहालवाला प्रहरी कर्मचारी बीच आपसी सद्भावना, सहयोग र भाइचारामा अभिबृद्धि हुन्छ भने अकोतर्फ लामो समयसम्म सेवा पु-याएका भूतपूर्व प्रहरी अधिकृतहरूको अनुभवबाट धेरै कुरा सिक्ने अवसर प्राप्त हुन्छ। सेवामा रहे पनि नरहे पनि एउटै परिवारका सदस्य हौ भन्ने भावना सबै प्रहरी कर्मचारीमा सदैब रहोस् र एक आपसमा सहयोग, सद्भावना कायम होस् भनी प्रत्येक वर्ष केन्द्रमा श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवको उपलक्ष्यमा आयोजित बीटिङ रिट्रिट कार्यक्रमका दिन प्रहरी पुनर्मिलन समारोह आयोजना गर्ने परम्परा नेपाल प्रहरीले कायम गरेको छ। यस वर्षदेखि प्रहरी पुर्नमिलन समारोह जिल्ला स्तरीय प्रहरी कार्यालयहरू सम्मले गर्ने कार्यक्रम रहेको छ।





*भूतपूर्व प्रहरी अधिकृत विगत अनुभूतिहरू संस्मरण गर्दै।*
*Retired police officers refreshing old memories.*

# Police Reunion Ceremony

Many Nepalis have contributed extensive efforts in bringing the Nepal Police to the shape it is today. Ever since its establishment, people in this sacred organisation have devoted their invaluable services towards the development of this organisation, its continued progress, its modernisation and the likes. Nepal is forever grateful to its predecessors. Many among those who helped set this prideful pace have passed away and are mere memories. Many are leading retired lives. Meetings with former police officers who have contributed invaluably to the organisation and are current retirees foster a feeling of goodwill, cooperation and brotherhood between former and current police servicemen. Such meetings, on the other hand, become an opportunity to learn from the experience of former police officers who have rendered services for long periods of time. The Nepal Police has established a practice of hosting a reunion ceremony annually on the day the Beating Retreat programme is organised to mark the occasion of the Auspicious Birthday of Her Majesty the Queen. This is done with a view of promoting a feeling of goodwill and cooperation and to promote sentiments identifying all policemen as members of a single family, be they in active duty or retired. From this year on, the reunion ceremonies are to take place at the district level also.

# प्रहरी विद्यालय

घर गृहस्थीको विविध पक्षमा झै आफ्ना छोराछोरीलाई शिक्षा दीक्षा दिलाउने बारे हरेक बाबु आमा चिन्तित हुन्छन्। समाजमा शान्ति सुरक्षा कायम राख्ने कार्यमा खटिएका प्रहरी कर्मचारीहरू पनि कर्तव्यपालनको क्रममा विभिन्न स्थानमा जानु पर्ने भए तापनि आफ्ना सन्तानलाई शिक्षा दीक्षा दिलाउने दायित्वबाट टाढा रहन सक्तैनन्। यसै पृष्ठभूमिमा प्रहरी विद्यालयको आवश्यकता भई नेपाल प्रहरीले कर्मचारीका बालबच्चालाई व्यवस्थित रूपमा र न्यूनतम शुल्कमा अध्ययन सुविधा उपलब्ध गराउनुको साथै अनुशासित, योग्य जनशक्ति तयार गर्ने उद्देश्यले केन्द्रमा दीपेन्द्र प्रहरी विद्यालयको स्थापना भएको थियो।

अधिराज्यका विभिन्न स्थानमा कार्यरत प्रहरी कर्मचारीले आफ्ना छोराछोरीहरू अध्ययन गराउन केन्द्रमा पठाउँदा आईपर्ने असुविधा एवं कठिनाईलाई हटाउन र सबै क्षेत्रका प्रहरी कर्मचारीहरूले समान अवसर र सुविधा पाउन सकुन भन्ने हेतुले पाँचै क्षेत्रमा क्षेत्रीय प्रहरी विद्यालयहरू स्थापना भएका छन्। नेपाल प्रहरीले उपलब्ध गराएको यो सुविधाले प्रहरी कर्मचारीहरूको मनोबल बढाउन उल्लेखनीय भूमिका खेलेको छ भन्दा अतियुक्ति नहोला।

श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारको शुभ-जन्मोत्सवको दिनमा दीपेन्द्र प्रहरी आवासिय विद्यालयकले प्रत्येक वर्ष अभिभावक दिवस समारोहको आयोजना गर्दछ। यसै क्रममा गत आषाढ १३ गते माननीय गृह मन्त्री शेरबहादुर देउपाको प्रमुख अतिथ्यमा यस विद्यालयले अभिभावक दिवस समारोह भव्यताकासाथ सम्पन्न ग-यो।

उक्त समारोहलाई संबोधन गर्दै माननीय गृहमन्त्रीज्यूले प्रहरी विभागको सक्रियतामा संचालित यस विद्यालयले विद्यार्थीहरूको शैक्षिक स्तर एवं अनुशासन वृद्धिका लागि गरेको प्रयासको प्रशंसा गर्नु भएको थियो। सोही समारोहमा प्रमुख अतिथिज्यूबाट अतिरिक्त कृयाकलापमा उत्कृष्ठ नतिजा ल्याउने विद्यार्थीहरूलाई कप, पुरस्कार तथा प्रमाण-पत्र वितरण गर्नु भएको थियो।

सोही अवसरमा विद्यार्थीहरूबाट जुडो, जिम्याष्टिक, करांते आदि खेलहरूको प्रदर्शन तथा गीत, नाटक, नृत्य प्रदर्शनकासाथै सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो।

२०४७ सालको एस.एल.सी. परीक्षामा यस विद्यालयबाट ५४ विद्यार्थीहरूले परीक्षा दिएकोमा प्रथम श्रेणीमा ५० जना र द्वितीय श्रेणीमा ४ जना गरी सतप्रतिशत नै उतीर्ण भएका छन्। जसमा प्राप्त गरेको अंक अधिकतम् ८१ प्रतिशत र न्यूनतम ५८ प्रतिशत रहेको छ।



विद्यार्थीहरूद्वारा स्वागत गान।
Welcome song by students.



अभिभावक दिवसको दिन उपस्थित पाहुना तथा प्रहरी अधिकृतहरू
Guests and Police Officers at the Parents, Day function.



दीपेन्द्र प्रहरी आवासिय माध्यमिक विद्यालयको हाताभित्र अभिभावक दिवसको उपलक्ष्यमा प्रमुख अतिथिद्वारा वृक्षारोपण।
Tree plantation by Chief Guest, Home Minister Deupa on Parents, Day at the Dipendra Police School, Sanga.



विद्यार्थीहरूबाट बनाईएका विभिन्न सामग्रीहरूको गृहमन्त्रीद्वारा निरीक्षण।
*Home Minister Sher Bahadur Deupa viewing student handicraft.*



प्रहरी परिवार महिला संघकी अध्यक्षद्वारा विद्यार्थीहरूलाई मिठाई वितरण।
*Sweets for students from the Chairperson of the Police Families Women's Organisation*

# Police School

As in various domestic aspects, every parent remains concerned on the education of his or her off-spring. Police service..en deputed all over the course of their duties to maintain peace and security in society are not exempted from their responsibility regarding the education of their children. A police school was thus deemed necessary in this perspective. The Dipendra Police School was established at the centre with this in mind. It has the objective of providing school facilities for police servicemen's children at facilitated rates. It has also been established to prepare disciplined and capable manpower.

Regional police schools have also been set up in all five regions of the country. Police servicemen in various parts of the Kingdom face difficulties in sending their children to the school at the centre for education. The regional schools were thus set up to allow equal oopportunities for all and facilitate servicemen in all regions. It will not be an overstatement to say that this facility extended by the Nepal Police to its servicemen has played a key role in boosting morale in the rank and file of the police.



विद्यार्थीद्वारा प्रस्तुत सांस्कृतिक कार्यक्रमको एक झलक।
*A scene from the cultural programme by students.*

The school observes its Parents' Day every year on the occasion of the Auspicious Birthday of His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah Dev. Parents' Day was, in this manner, observed on Ashadh 13th in a beffitting way. Home Minister Sher Bahadur Deupa was chief guest on the occasion.

The Honourable Minister, speaking on the occasion, appreciated the effort to uplift the standard of education and discipline among students made by the school and conducted with active Police Department support. The chief guest also distributed cups, prizes and certificates to students excelling in extracurricullar activities. On the occasion, students presented demonstrations of judo, gymnastics and karate. A cultural programme of songs, dramas and dances was also hosted on the occasion.

Of the total fifty-four students who appeared in the SLC examinations from the school for the year 2047, a hundred per cent passed with fifty students in the first division and four in the second. Highest marks secured in the exams was eighty-one per cent. The lowest was fifty-eight per cent.

# वीरेन्द्र प्रहरी अस्पतालको वार्षिकोत्सव समारोह



*प्रहरी कल्याण योजना अन्तर्गत प्रहरी परिवार महिला संघकी अध्यक्षद्वारा वीरेन्द्र प्रहरी अस्पताल हाताभित्र पोषण तथा रोग प्रतिरोध केन्द्रको उद्घाटन।*

*Chairperson of the Police Families Women's Association inaugurating the nutrition and immunisation clinic at the new building in the Birendra Hospital compound under the police welfare programme.*

वीरेन्द्र प्रहरी अस्पतालले आफ्नो स्थापनाकालदेखि नै प्रहरी कर्मचारी तथा कर्मचारीका परिवारलाई स्वास्थ्य सेवा उपलब्ध गराउंदै आएको छ। वीरेन्द्र प्रहरी अस्पताललाई साधन सम्पन्नयुक्त तथा स्वास्थ्य कर्मीहरूलाई दक्ष बनाउंदै लैजाने योजना अनुरूप आधुनिक स्वास्थ्य उपकरणहरू क्रमशः थपिदै छ भने अस्पतालका कतिपय डाक्टरहरू विदेशमा उच्च अध्ययन गरीरहेका छन्।

२०४७ साल चैत्र २७ गते वीरेन्द्र प्रहरी अस्पतालको सातौ वार्षिकोत्सव समारोह मनाईयो। प्रहरी महानिरीक्षक श्री रत्न शम्शेर ज.व.रा. पमुख अतिथि हुनु भएको उक्त समारोहमा प्रहरी अधिकृत, जवान तथा प्रहरी परिवार महिला संघका कतिपय सदस्यहरूले रक्तदान गर्नु भएको थियो।

उक्त समारोहमा प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती बाला राणाले अस्पतालमा बिरामीहरूलाई फलफूल वितरण गर्नु भएको थियो। साथै सोही दिन श्रीमती राणाले प्रहरी परिवार कल्याण कोषको अनुदानबाट अस्पतालको हाताभित्र निर्मित नयाँ भवनमा पोषण तथा खोप क्लिनिकको उद्घाटन गर्नु भयो। यस क्लिनिकको व्यवस्थापछि प्रहरी कर्मचारीका बालबच्चाहरू निकै लाभान्वित भएका छन्।

*वीरेन्द्र प्रहरी अस्पतालको वार्षिक उत्सबको उपलक्ष्यमा प्रहरी परिवार महिला संघका पदाधिकारीहरूबाट रक्तदान गर्दै।*

*Office holders of the Police Families Women's Association donating blood on the occasion of the Birendra Police Hospital's Anniversary.*



# Birendra Police Hospital

The Birendra Police Hospital has been providing health services to police servicemen and their families since its establishment. Plans to equip the hospital with better health facilities and manpower prompt the gradual addition of modern medical equipments and the training of many doctors abroad.

The Birendra Police Hospital observed its seventh anniversary on Chaitra 27th, 2047. The Chief of Police Ratna Shumshere J.B. Rana was the chief guest at the ceremonies. Police officers and men and many members of the Police Families Women's Organisation donated blood on the occasion.

The Chairperson of the Police Families Women's Association, Mrs. Bala Rana, distributed fruits to the sick at the hospital on the occasion. Mrs. Rana, the same day, also inaugurated the immunisation and nutrition clinic opened in the newly constructed building within the hospital premises from funds donated by the Police Family Women's Association. Children of police families have been considerably benefitted by the clinic.



*प्रहरी परिवार महिला संघकी अध्यक्षद्वारा विरामीहरूलाई फलफुल वितरण गर्दै।*
*Chairperson of the Police Families Women's Organisation distributing fruits to the sick.*


श्री ५ बडामहारानी ऐश्वर्य राज्य
लक्ष्मी देवी शाह सरकारको
४३ औं शुभजन्मोत्सवको पुनीत
उपलक्ष्यमा मौसूफ सरकारमा
सदैव चिरायु, सुस्वास्थ्य एवं
अटल सौभाग्यको लागि
सद्भक्तिपूर्ण हार्दिक मंगलमय
शुभकामना चढाउँछौं।

**विश्व ज्योति सिनेमा भवन प्रा.लि.**
रानीपोखरी, जमल।



श्री ५ बडामहारानी
ऐश्वर्य राज्य लक्ष्मी देवी शाह
सरकारको
४३ औं शुभजन्मोत्सवको
पुनीत उपलक्ष्यमा मौसूफ
सरकारको सुख, स्वास्थ्य
एवं समृद्धिको लागि सभक्ति
मंगलमय शुभकामना चढाउँछौं।

**शिव सिनेमा हल**
चतरालाइन, धरान।



श्री ५ बडामहारानी सरकारको
४३ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारको सुख समृद्धिको लागि
मंगलमय कामना व्यक्त गर्दछौं।

**रमेश व्रदर्श**
नेपालगञ्ज

# अतिरित्त क्रियाकलाप







# Extra–Curriculam

# खेलकूद

शान्ति सुरक्षाको गहन दायित्व नेपाल प्रहरीको काँधमा छ र यस्तो राष्ट्रिय दायित्व पूरा गर्न प्रहरीमा सेवारत कर्मचारीहरू शारीरिक तथा मानसिक रूपबाट स्वस्थ र सक्षम हुनु नितान्त जरूरी हुन्छ। प्रत्येक प्रहरी कर्मचारी स्वस्थ र फूर्तिलो रहिरहन नेपाल प्रहरीले खेलकूदलाई नियमित रूपमा लिएको छ।

मानसिक तथा शारीरिक सुसंगठनको लागि मात्र नभै व्यक्तित्व विकास, आपसी समझदारी एवं भातृत्व तथा निर्णय क्षमतामा समेत अभिवृद्धि गर्न खेलकूद निकै फलदायी हुन्छ। खेलकूदका यिनै विभिन्न फाईदाहरूलाई ध्यानमा राखेर नेपाल प्रहरीमा केन्द्रीय, क्षेत्रीय तथा अंचल स्तरीय खेलकूद समितिहरू गठन गरी केन्द्र, क्षेत्र तथा अंचल स्तरसम्म नियमित रूपमा विभिन्न खेलकूद प्रतियोगिताहरूको आयोजना गरिन्छ। खेलकूदको समयोचित विकास तथा व्यवस्थित रूपमा संचालन गर्नको लागि प्रत्येक वर्ष केन्द्रीय समितिबाट खेलकूद क्यालेण्डर समेत प्रकाशित गरी प्रतियोगिताहरू संचालन गरिन्छ। यसका अतिरिक्त गण, गुल्म, प्रहरी तालीम केन्द्रहरू तथा अन्य विभिन्न प्रहरी कार्यालयहरूमा खेलकूद, दैनिक अभ्यासको रूपमा खेलिने गरिन्छ। यसैको फलस्वरूप राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्न तथा प्रशिक्षण सेवा समेत उपलब्ध गराउंन नेपाल प्रहरीको योगदान उल्लेखनीय छ र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरूमा प्रहरी खेलाडीहरूले उत्साहवर्धक परिणाम दिएका छन्। आ.ब. २०४७।०४८ मा नेपाल प्रहरीमा संचालित केन्द्रीय स्तरको विभिन्न खेलकूद प्रतियोगिताहरूको नतिजा यस प्रकार रह्यो।



माननीय गृहमन्त्रीज्यूबाट २४ औं प्रहरी महानिरीक्षक शील्ड प्रतियोगितामा प्रथम हुने पूर्व क्षेत्रीय कार्यालय टिमलाई शिल्ड प्रदान गर्नुहुँदै।
Hon'ble Home Minister presenting the 24th Police Chief Shield to the Eastern Regional Police Office Team for winning the football tournament.



तत्कालीन गृहमन्त्री योगप्रसाद उपाध्यायद्वारा २०४७ सालको अधिराज्यव्यापी भलिबल प्रतियोगितामा विजयी पूर्व क्षेत्रीय प्रहरी खेलाडी टोलीनेतालाई शिल्ड प्रदान गर्नुहुँदै।
The then Home Minister Yog Pd. Upadhyay presenting the team leader of the Eastern Regional Police the winning shield for the National Police Volleyball competition, 2047.



प्रहरी महानिरीक्षकबाट प्रोत्साहन स्वरूप प्रहरी जुडो खेलाडीलाई नगद पुरस्कार प्रदान गर्नुहुँदै।
Chief of Police giving cash award as incentive to a police judoka.

१. प्रहरी महानिरीक्षक शील्ड फुटबल प्रतियोगिता:-
   प्रथम - पूर्व क्षेत्रीय प्रहरी टिम
   द्वितीय - स. प्र. ता. के.

२. केन्द्रीय ह्याण्डबल प्रतियोगिता:-
   प्रथम - सशस्त्र प्रहरी गण टिम
   द्वितीय - मध्य क्षेत्रीय प्रहरी टिम

३. केन्द्रीय भलीबल प्रतियोगिता:-
   प्रथम - पूर्व क्षेत्रीय प्रहरी टिम
   द्वितीय - सदर प्रहरी तालीम केन्द्र टिम

४. केन्द्रीय एथ्लेटिक्स प्रतियोगिता:

गत वर्ष चीनमा सम्पन्न भएको एशियाली खेलकूद प्रतियोगिताको एथ्लेटिक्स खेलमा नेपालको तर्फबाट प्रहरी हवल्दार राजकुमारी पाण्डे र प्रहरी जवान सुरेश पाण्डेले, र यस्तै उत्तर कोरिया र चीनमा भएको प्रि-ओलम्पिक फुटबल खेलमा प्रहरी जवानहरू देवनारायण चौधरी, सूर्यमान श्रेष्ठ र ज्ञानेन्द्र शेरचनले भाग लिएका थिए भने बेलायतमा भएको युनिभर्सियाद खेलकूदमा (एथ्लेटिक्सतर्फ) प्रहरी जवान धनीराम चौधरीले भाग लिएका थिए।

प्रहरी खेलाडीहरूलाई प्रशिक्षण प्रदान गर्ने क्रममा हाल राष्ट्रिय खेलकूद परिषदमा २८ जना प्रहरी खेलाडीहरूले फुटबल, भलिबल, बक्सिङ, तेक्वान्दो र एथ्लेटिक्समा प्रशिक्षण लिदैछन्

# Police Sports

Nepal Police carries the sombre responsibilities of maintaining peace and security. It is very essential that personnel in police service be physically and mentally fit to fulfil this national responsibility. Nepal Police has opted for sports on a regular basis as a means to promote health and fitness among its ranks.

Sports contributes not only to physical fitness. It also helps develop personality, mutual understanding and brotherhood as also decision-making capabilities. Keeping the boons of sports in mind, sports committees formed at the centre, regions and zones conduct various competitions on a scheduled basis at the centre, regions and zones respectively. Competitions are conducted on the basis of the publication each year of a sports calendar by the Central Committee in order to facilitate timely and systematic development of sports. This apart, sports is provided as part of the daily exercise routine at the various battalions, companies, police training centres and other police units. It is because of this that the contribution of the Nepal Police in the production of national level sportsmen as well as in the provision of coaching facilities has been remarkable. Furthermore, police sportsmen have secured encouraging results in national and international sports meets. Results of the various sports competitions conducted by the Nepal Police at the central level in the fiscal year 2047-48 are as follows:

1. I.G.P. Shield Football Competition :
   Eastern Regional Police Team

2. Central Handball Competition:
   First – Armed Police Battalion Team
   Second – Central Regional Police Team

3. Central Volleyball Competition:
   First - Eastern Regional Police Team
   Second – Central Police Training Centre Team



श्री ५ महेन्द्र पुलिस क्लबका जुडो खेलाडी टिमकासाथ प्रहरी महानिरीक्षक।
*Chief of Police with the Mahendra Police Club Judo Team.*



प्रहरी नायब महानिरीक्षक टेबुल टेनिस प्रतियोगितामा विजयी प्रहरी केटालाई कप प्रदान गर्नुहुँदै।
*The Deputy Chief of Police presenting the Shield to the Police Boy for winning the table tennis competition 2048 B.S.*



अधिराज्यव्यापी प्रहरी भलिबल प्रतियोगिताको एक दृष्य
*A glimpse of the National Police Volleyball competition.*

4. Central Athletics Competition:

Police sergeant (Havaldar) Rajkumari Pandey and policeman Suresh Pandey participated on behalf of Nepal in athletics at the Asian Games in China last year. Likewise, policemen Dev Narayan Chaudhury, Suryaman Shrestha and Gyanendra Shrestha were in the Nepali team at the pre-Olympic football competition held in the Democratic Republic of Korea and China. Similarly, policeman Dhani Ram Chaudhury participated in the athletics competition at the University Games held in England.

In coure of providing training to police sportsmen, twenty-eight police sportsmen are being coached at the National Sports Council in such disciplines as football, volleyball, boxing, taekwondo and athletics.

# प्रहरी परिवार महिला संघ

सामाजिक सेवाको कार्यमा सक्दो सेवा पु-याउने पवित्र उद्देश्य लिएर स्थापना भएको प्रहरी परिवार महिला संघले आठौं वर्षमा टेकेको छ। सत्ताईसौ राष्ट्रिय बाल दिवस तथा संघको सातौ वार्षिकोत्सव २०४८ साल भदौ ४ गते श्री ५ महेन्द्र पुलिस क्लबमा एक समारोहको आयोजना गरी मनाईयो।

सो समारोहमा प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती बाला राणा लगायत संघका अन्य कार्यकारिणी समितिका पदाधिकारीहरू तथा सदस्यहरूको पनि उपस्थिति थियो।

सामाजिक सेवा तथा प्रहरी कल्याण कार्यमा संघले समय समयमा आर्थिक सहयोग पु-याउँदै आईरहेको छ। यसै क्रममा वन तथा वातावरण एवं कृषिमन्त्री सुश्री शैलजा आचार्यलाई पलान्चोक भगवती मन्दिर जीर्णोद्वारको लागि प्रहरी परिवार महिला संघको तर्फबाट संघकी अध्यक्ष श्रीमती बाला राणाले २०४८ साल भदौ ८ गते पलान्चोकमा आयोजित एक समारोहका बीच ५० हजार १ रूपैयाको चेक हस्तान्तरण गर्नु भयो।

मन्त्री सुश्री आचार्यले सो चेक पलान्चोक भगवती मन्दिर विकास समितिका कोषाध्यक्ष गृवनाथ खरेललाई दिनु भयो।

संघकी अध्यक्ष श्रीमती बाला राणाको सभापतित्वमा भएको सो समारोहमा प्रहरी परिवार महिला संघकी सदस्य-सचिव श्रीमती लता राणाले सामाजिक सेवामा संघले पु-याएको योगदान बारे चर्चा गर्नु भयो।

यसैगरी पलान्चोक भगवती मन्दिर विकास समितिका उपाध्यक्ष राम थपलियाले धन्यवाद ज्ञापन तथा सदस्य-सचिव अर्जुन आचार्यले प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो।

समारोहमा प्रहरी परिवार महिला संघ तथा पलान्चोक भगवती मन्दिर विकास समितिका पदाधिकारीहरू र वरिष्ठ प्रहरी अधिकृतहरूको पनि उपस्थिति थियो।

स्मरणीय छ, प्रहरी परिवार महिला संघले विभिन्न मेला संचालन र सांस्कृतिक कार्यक्रमको आयोजना गरेर तथा बैंक ब्याज, सदस्यता शुल्क र घर भाडा समेतबाट आर्थिक श्रोत जुटाउने गरेको छ

# Police Families Women's Association

The Police Family Women's Organisation has now entered its eighth year since establishment. It was formed with the sacred objective of contributing to the task of social service. A ceremony was organised at the Mahendra Police Club on Bhadra 4th, 2048 to observe the 27th National Children's Day and the Organisation's Seventh Anniversary.



पलान्चोक भगवती
*Palanchock Bhagbati*



पलान्चोक भगवती मन्दिर जीर्णोद्वारको लागि आर्थिक सहयोग प्रदान।
*Financial assistance for the renovation of Palanchock Bhagbati Mandir.*

The Chairperson of the Police Families Women's Association, Mrs. Bala Rana, other working committee officials as well as members were also present on the occasion.

The Organisation has contributed financially to social service and police welfare activities. On behalf of the Police Families Women's Association, Chairperson Mrs. Bala Rana handed over a cheque of Rs. 50,001.- to the Minister for Forest and Environment and Agriculture, Ms. Shailaja Acharya, at a ceremony organised in Palanchok on Bhadra 8th, 2048. The amount was donated for renovation works on the Palanchok Bhagawati temple. Minister Acharya presented the cheque to the treasurer of the Palanchok Bhagawati Temple Development Committee, Mr. Gribanath Kharel.

On the occasion, Member Secretary of the Police Families Women's Association highlighted the association's contribution to social service. The ceremony was chaired by the association's Chairperson, Mrs. Bala Rana.

The Palanchok Bhagawati Temple Development Committee Vice Chairman, Ram Thapaliya gave the vote of thanks on the occasion. The committee Member Secretary also gave a report at the meet.

Officials of the Police Families Women's Association and the Palanchok Bhagawati Temple Development Committee as well as senior police officers were present at the ceremony.

The Police Families Women's Association has been generating finances for its activities through such means as the holding of fairs, cultural programmes and from bank interest on deposits, membership fees and house rent.

# ेपाल प्रहरी र जापानको संयुक्त टोलीद्वारा पर्वतारोहण

नेपाल पुलिस माउण्टेनियरिङ एण्ड डभेन्चर फाउण्डेशनले समय समयमा भिन्न हिमालहरूको सफलतापूर्वक आरोहण र्दै आएको छ। यसै ऐतिहासिक गौरवलाई यम गर्ने सिलसिलामा नेपाल प्रहरी र इमारी लव जापानको संयुक्त टोलीले यस वर्ष पनि ८२० मिटर अग्लो चोओ हिमाल आरोहण र्ने क्रममा मिति २०४८।५।१३ गते ठमाडौंबाट त्यसतर्फ प्रस्थान ग-यो। प्र.ना.उ. प्तबहादुर रानाको नेतृत्वमा गएको उक्त र्वतारोहण टोलीमा नेपाल प्रहरीको तर्फबाट ना.उ. शेरबहादुर कार्की, प्र.ना.नि. फुलकुमार ई, प्र.ना.नि. गिताबहादुर जोशी, प्र.ना.नि. जबन्धु मास्के र जापानी टोलीका तर्फबाट जना सदस्यहरूको सहभागिता रहेको थियो।



*सफलताको कामना।*
*Best wishes for success.*



*आरोहणको लागि तयारी।*
*Preparations for climbing.*

# Nepal Police And Japan Joint Mountaineering Team

The Nepal Police Mountaineering and Adventure Foundation has from time to time launched several mountaineering expeditions on various mountains successfully. In the process of upholding this glorious history, a joint expedition this year of the Nepal Police and the Imari Club, Japan on the 6820 metre high Cheo Himal left Kathmandu on 2048/5/13. The mountaineering team led by Deputy Superintendent of Police Gupta Bahadur Rana includes Deputy Superintendent of Police Sher Bahadur Karki, Sub-inspector Phul Kumar Rai, Sub-inspector Geeta Bahadur Joshi and Sub-inspector Raj Bahadur Maskey on behalf of the Nepal Police. The Japanese team has five members participating.



*बाटोमा विश्राम*
*Relaxing on the way*

# चेओ हिमाल माथि विजय

नेपाल प्रहरी माउण्टेनीयरिङ्ग एण्ड एडभेन्चर फाउण्डेसन र इमारी क्लब जापानको संयुक्त पर्वतारोहण दलका ४ जना सदस्यहरूले असोज २७ गते मनाङ्ग जिल्लामा पर्ने ६८२० मिटर अग्लो चेओ हिमालको सफल आरोहण गरेका छन्।

सफल पर्वतारोहीहरूमा प्रहरी नायब निरीक्षक फूलबहादुर राई, प्रहरी जवान पासाङ्ग छिरीङ्ग शेर्पा, प्र.ज. डम्बरबहादुर गुरूङ्ग र इमारी क्लब जापानका सिगेकी इमोतो हुनुहुन्छ।

# Climbing Success

Four members of the joint expedition of Nepal Police and Adventure Foundation and the Imari Club of Japan reached the summit of the 6820- metre high Mount Che Oyu in Manang District on October 13, 1991.

The successful quartet included Sub-inspector Phool Bhadur Rai, Constable Pasang Tshering sherpa, Constable Damber Bahadur Gurung and S. Imoto of the Imari Club of Japan.

# फुर्सदको क्षण

देशमा शान्ति सुरक्षा तथा अमन चयन कायम राख्ने गहनतम जिम्मेवारी बोकेका नेपाल प्रहरीका अधिकृत तथा जवानहरू चौबीसै घण्टा आफ्नो कर्तव्यप्रति सचेष्ट रहन्छन्। प्रचलित प्रहरी ऐनले पनि सम्पूर्ण प्रहरी कर्मचारी चौबीसै घण्टा ड्युटिमा रहेको मानिने छ भनी स्पष्ट गरेको छ। आफ्नो निर्दिष्ट जिम्मेवारी तथा जनसेवामा दिन, रात समर्पित प्रहरी कर्मचारी आम जनसाधारण सुतिरहेको निस्तब्ध रातमा उनीहरूको सुरक्षार्थ टोलटोल गल्लीगल्ली घुमिरहेका हुन्छन् भने दशैं तिहार जस्ता महान पर्वहरूमा आफ्नो घर-परिवारबाट टाढा रहेर विशेष सुरक्षा प्रदान गर्ने कार्यमा लागिरहेका हुन्छन्। दैवी प्रकोप वा असाधारण दुर्घटनामा होस् तत्काल जनसाधारणको उद्धार कार्यमा लागिरहने र अपराध नियन्त्रण तथा घटित अपराधको अनुसन्धानमा निरन्तर कार्यरत रहने प्रहरी अधिकृत तथा जवानहरू आफ्नो व्यस्ततम कार्यबाट फुर्सद पाएको क्षण आफ्नै सहकर्मीहरू बीच ब्यारेकमा आफ्नै लोक संस्कृति र परम्परामा आधारित विभिन्न कार्यक्रम गरी मनोरञ्जन हासिल गर्छन वा यदाकदा वनभोज र सामूहिक खेलकूदमा संलग्न रहन्छन्। राष्ट्रिय चाड, पर्व, धार्मिक परम्परा आदि आ-आफ्नो इकाईमा सम्पूर्ण प्रहरी अधिकृत तथा जवानहरूले एकैसाथ मनाउने परम्परा नेपाल प्रहरीमा रहेको छ। प्रहरी अधिकृत तथा जवानहरूको आपसी सद्भावनामा अभिवृद्धि, भाइचारा र सहयोगी भावनाका निम्ति यस्ता कार्यक्रमहरूले ठूलो भूमिका खेलेको छ।



*मौलो पूजामा सरिक प्रहरी अधिकृत तथा जवानहरू।*
*Police Officers and Men at a religious ceremony.*



*फुर्सदको क्षणमा प्रहरी महानिरीक्षक प्रहरी अधिकृतहरूसंग।*
*The Chief of Police relaxing with police officers.*

# Free Time

Bearing the responsibility of keeping the peace, security and amity of the country, personnel in the Nepal Poljce keep vigil in line of duty round the clock. Even the prevalent Police Act specifies that all policemen shall be considered on duty every hour of the day. Police servicemen, committed night and day to their duty and public service, patrol nooks and corners in the dead of night when the rest of the public are asleep. During major festivals such as on Dasain or Tihar, police are away from home and family fulfilling their roles as those providing special security on such occasions.

Police are engaged in providing relief to people affected by accidents and natural calamities. They are perpetually on duty in crime control and investigation. Police personnel thus, during rare occasions of relief from their busy occupation, entertain themselves in the barracks with various programmes based on their folk culture and tradition. Sometimes they also go out for picnics and participate in sports activities. There is also a tradition in the Nepal Police to observe, among themselves at their respective units, the many national festivals, religious ceremonies and cultural occasions. Such programmes play a major role in promoting goodwill, brotherhood and cooperation among police personnel.



वनभोज कार्यक्रममा प्रहरी अधिकृतहरू।
*Police Officers picnicking.*



दिनभरीको थकान पछिको सामूहिक मनोरञ्जनमा प्रहरीहरू।
*After a long, tiring day, entertainment.*


श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको ४३ औं
शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारको
अटल सौभाग्य, सुस्वास्थ्य एवं दीर्घायुको
कामना गर्दछौं।

नेपाल कलर ल्याब संघ
बसन्तपुर, काठमाडौं

# गभर्नर्स कप फूटबल प्रतियोगितामा विजयी



*प्रहरी महानिरीक्षक फुटबल खेलाडीहरूका साथ*
*The Chief of Police with Football Players*

२०४८ साल असोज १७ गतेबाट कालिङ्गपोङ्ग स्पोर्टस एसोसिएसनद्वारा सञ्चालित गर्भनर्स कप फूटबल प्रतियोगितामा नेपाल प्रहरीको माछापुच्छ्रे टिमले सिक्किम ११ लाई शुन्यको बिरूद्ध पाँच गोलले पराजित गरी यस वर्षको कालिङ्गपोङ्ग गर्भनर्स कप हासिल गर्न सफल भएको थियो। उक्त फूटबल प्रतियोगितामा माछापुच्छ्रे टिमको तर्फबाट भाग लिने प्रहरी खेलाडीहरूको नाम यस प्रकार छ:-

१. प्र.नि. अशोक के.सी. (टिम कोच)
२. प्र.नि. सुरेश पन्थी (टिम मेनेजर)
३. प्र.स.नि. प्रकाश राणा
४. प्र.ज. रवि सिंह महत (क्याप्टेन)
५. प्र.ज. रज्जु नेपाल
६. प्र.ज. राजीव राजवंशी
७. प्र.ज. अरूण थापा
८. प्र.ज. ज्ञानु पुलामी
९. प्र.ज. सुरेन्द्र मानन्धर
१०. प्र.ज. राजु पुलामी
११. प्र.ज. राजेन्द्र गौतम
१२. प्र.ज. संजिव कर्माचार्य
१३. प्र.ज. सुनिल के.सी.
१४. प्र.ज. चन्द्र थापा
१५. प्र.ज. कृष्णप्रसाद कोइराला
१६. प्र.ज. अनिल रत्न तुलाधर
१७. प्र.ज. उदय लामा
१८. प्र.ज. दिलीप कटुवाल

# Governor's Football Cup Lifted

Nepal Police Machhapuchhre Team outscored Sikkim XI five-nil in the Kalingpong Governor's Cup final, organised on October 3, 1991. by the Kalingpong Sports Association and lifted the Cup, Following were the players who made up the victorious team:

1. Inspector Ashok K.C. (Coach)
2. Inspector Suresh Panthi (Manager)
3. Sub-inspector Prakash Rana
4. Constable Rabi Singh Mahat (Captain)
5. Constable Rajju Nepal
6. Constable Rajib Rajbanshi
7. Constable Arun Thapa
8. Constable Gyanu Pulami
9. Constable Surendra Manandhar
10. Constable Raju Pulami
11. Constable Rajendra Gautam
12. Constable Sanjeeb Karmacharya
13. Constable Sunil K.C.
14. Constable Chandra Thapa
15. Constable Krishna Prasad Koirala
16. Constable Anil Ratna Tuladhar
17. Constable Uday Lama
18. Constable Dilip Katuwal

Shareholder member
224852
२२४८५२



कुटुला जुडो प्रतियोगिताका विजयी खेलाडीहरू
*Winner players of the Kutula Judo running Shiai Competition.*



जुडो खेलाडिहरू
*Judo Players*

# जुडो प्रतियोगितामा प्रथम

कुटुला जुडो सियाईद्वारा आयोजित गत वर्ष चैत्र २८ गते देखि २९ सम्म काठमाडौंमा भएको जुडो प्रतियोगितामा नेपाल प्रहरीको जुडो टिमले प्रथम स्थान हासिल गरेको थियो। त्यस्तै फिनल्याण्डको टोली र शाही नेपाली सेनाको टोली क्रमशः द्वितीय र तृतीय भएका थिए। उक्त प्रतियोगितामा नेपाल प्रहरीको तर्फबाट भागलिने जुडो खेलाडीहरूको नाम यस प्रकार छः-

१. प्र.ज. वीरबहादुर राणा
२. प्र.ज. भोजबहादुर थापा
३. प्र.ज. पहलमान थापा
४. प्र.ज. रमेशकुमार बस्नेत
५. प्र.ज. होमबहादुर थापा
६. प्र.ज. कान्छाराम थापा

# First In Judo Competition

The Nepal Police Judo Team stood first in the judo competition organised by the Kutula Judo Shiai (Finland) in Kathmandu from April 11 to 12.

Likewise, Finland Team was placed second and the Royal Nepal Army took the third spot.

Following are the names of the winnig team of Nepal Police:

1. Constable Bir Bahadur Rana
2. Constable Bhoj Bahadur Thapa
3. Constable Pahalman Thapa
4. Constable Ramesh Kumar Basnet
5. Constable Hom Bahadur Thapa
6. Constable Kancharam Thapa